# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव जीवनको अभिन्न अङ्गको रुपमा परिचित तथा आधारभूत अधिकारको रुपमा स्थापित भएको शिक्षा कुनै न कुनै रुपबाट प्राचीन कालदेखि नै सञ्चालन हुदै आइरहेको छ। गुरुकुल शिक्षा पद्धति होस् वा बौद्ध शिक्षा प्रणालीबाट होस् शिक्षाको विकास र विस्तारका लागि सरकार तथा समुदाय सबैको प्रयास, लगन र मेहनतले नै शिक्षाले आजको रुप ग्रहण गरेको हो। व्यक्ति, समाज र समग्र राष्ट्रको मेरुदण्डको रुपमा शिक्षालाई स्वीकार गरी यसतर्फ सबैको चासो बढ्दै जानुको साथसाथै सरकारले पनि शिक्षालाई राष्ट्र विकासको मूल आधार तथा गरिबी निवारणको प्रमुख माध्यमको रुपमा लिएर यसको पहूँच, गुणस्तरीयता, सान्दर्भिकता एवम् प्रभावकारिताको लागि प्रयासरत रहदै आएको छ। (स्रोत *: ढुंगेल, २०६६*)

शिक्षामा गुणस्तर कायम गर्नका लागि यससँग सम्बद्ध सबै पक्षहरु गुणस्तरीय हुनु जरुरी छ। शिक्षक, विद्यार्थी, समुदाय, विद्यालयको भौतिक वातावरणका साथै शिक्षकहरुद्वारा अबलम्बन गरिने शिक्षण विधि, तरीका र उपायहरु पनि गुणस्तरीय हुनु जरुरी छ। शिक्षणका लागि एक पटक सर्वोत्कृष्ट ठहरिएका यस्ता विधि तथा उपायहरु सधैंका लागि सर्वोत्कृष्ट हुन सक्दैनन्, तिनको समयानुकुल परिमार्जन आवश्यक हुन्छ। त्यसैले गुणस्तरीय शिक्षाका लागि शिक्षकमा समयानुकुल निखार आउनु अनिवार्य छ, जसका लागि उसले आफूमा रहेका ज्ञान तथा शिक्षण सीपलाई निरन्तर रुपमा अद्यावधिक गर्दै लैजानुपर्दछ। यस तथ्यलाई हृदयंगम गरी नेपालमा पनि शिक्षकका पेशागत सीपहरुको अभिवृद्धिका लागि समय समयमा विभिन्न प्रयासहरु हुँदै आएका छन्। (स्रोत : शिक्षा विभाग, २०७०)

वि.सं. २००४ सालमा आधार शिक्षक प्रशिक्षण केन्द्रको स्थापनाबाट सरकारी तवरबाट नेपालमा शिक्षक तालिमको शुरुआत भएको मानिन्छ। वि.सं. २०१४ सालमा कलेज अफ एजुकेशनको स्थापना गरी यस मार्फत विभिन्न किसिमका शिक्षक तालिमका कार्यक्रमहरु सञ्चालन गरिए। वि.सं. २०२८ सालमा लागु भएको राष्ट्रिय शिक्षा पद्धतिको योजनाले

शिक्षकका लागि तालिम अनिवार्य गर्यो । शिक्षा क्षेत्रमा लागु भएका विभिन्न योजना तथा परियोजनाहरुले शिक्षक तालिममा विशेष जोड दिएका थिए । शिक्षा विकासका लागि सेती परियोजना, प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, विज्ञान शिक्षा परियोजना जस्ता शिक्षाका कार्यक्रमहरु शिक्षक तालिममा नै केन्द्रीत भएको पाइन्छ । वि.सं. २०५८ देखि २०६३ सम्म लागु भएको शिक्षक शिक्षा परियोजनाको समाप्तिसँगै नेपालका सामुदायिक विद्यालयका स्वीकृत दरबन्दीमा कार्यरत करीब ९८.२ प्रतिशत शिक्षकहरुले १० महिने सेवाकालीन प्रमाणीकरण तालिम प्राप्त गरेको तथ्याङ्क सार्वजनिक भएको थियो । (स्रोत : शिक्षा विभाग, २०७०)

शिक्षा क्षेत्रको अग्रगामी र संरचनागत सुधार गर्ने उद्देश्यले हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र सुधार योजना अन्तर्गत शिक्षक विकास सम्बन्धमा विद्यमान उपलब्धीमा आधारित भएर आगामी दिनमा समस्या समाधानमुखी एवम् प्रत्यक्ष रुपमा शिक्षण कार्य सम्पादन सुधार केन्द्रीत शिक्षक विकास कार्यक्रम कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था गरिएको छ । यसै नीतिको व्यवहारिक अनुवादस्वरुप सामुदायिक विद्यालयमा कार्यरत सम्पूर्ण शिक्षकहरुले ५ वर्षभित्रमा हासिल गरिसक्नुपर्ने गरी कार्यान्वयनमा ल्याइएको शिक्षक शिक्षाको कार्यक्रम नै शिक्षकको पेशागत विकास कार्यक्रम हो (स्रोत : शिक्षा मन्त्रालय, २०६६)

समयको गतिसँगै विश्व परिवेशमा आउने नवीनतम विषयवस्तु एवम् विभिन्न विषयगत विधाहरुमा प्रतिपादन हुने नवीन सिद्धान्तहरुसँग समायोजन हुनेगरी शिक्षकहरुमा रहेका ज्ञान तथा शिक्षण सीपहरुको अद्यावधिकरण एवं नवीकरण र परिमार्जन नभएमा सार्थक शिक्षण सिकाइको सम्भावना रहँदैन । यस किसिमका नवीनतम विषयवस्तुहरु एवम् सिद्धान्तहरुसँग आफूलाई अद्यावधिक गर्दै लैजानका लागि प्रत्येक शिक्षक आफैं जागरुक हुनु जरुरी छ । शिक्षण क्रियाकलापहरु सञ्चालनका क्रममा आइपर्ने समस्याको समाधानका लागि शिक्षक आफैं अग्रसर हुनुपर्दछ । आफूलाई कस्तो प्रकारको पेशागत सहयोग प्राप्त भएमा आफ्नो शिक्षण सीप आगामी दिनमा अझ सशक्त बन्न सक्दछ भन्ने कुरामा शिक्षक स्वयम् नै सचेत रहनुपर्दछ । यसरी आफूलाई पेशागत रुपमा दक्ष बनाउनका लागि हरेक शिक्षकद्वारा आफ्ना पेशागत समस्या एवम् आवश्यकताहरुको आफैं पहिचान गरेर त्यसको प्रस्तुतीकरण

पश्चात त्यही समस्या एवम् आवश्यकतामा आधारित भई सञ्चालन गरिने पेशागत सहयोग कार्यक्रम नै शिक्षकको पेशागत विकास कार्यक्रम हो । (स्रोत : शैक्षिक जनशक्ति विकास केन्द्र, २०६६)

यो कार्यक्रममा मूल रुपमा १०/१० दिनका ३ खण्ड रहन्छन् । प्रत्येक १० दिनको कार्यक्रमलाई तालिम कार्यशाला, स्वाध्ययन अभ्यास र शैक्षणिक परामर्श गरी ३ भागमा विभाजन गरिएको छ । ५ वर्ष भित्रमा तीनवटै खण्ड अर्थात ३० दिनको कार्यक्रममा सहभागी भइसक्नुपर्दछ । शिक्षकको पेशागत विकास कार्यक्रम मूलत : शिक्षकहरुको माग एवम् आवश्यकतामा आधारित शिक्षक विकास कार्यक्रम हो । यस कार्यक्रम अनुसार सर्वप्रथम प्रत्येक शिक्षकले आफ्ना पेशागत समस्या एवम् मागहरुलाई तोकिएको ढाँचामा प्रधानाध्यापक समक्ष प्रस्तुत गर्नुपर्दछ । विद्यालयका सबै शिक्षकहरुबाट वैयक्तिक रुपमा पेशागत आवश्यकताहरु प्रस्तुत भइसकेपछि प्र.अ.ले आफ्ना पेशागत आवश्यकता र विद्यालयका संस्थागत आवश्यकताहरु समेत समेटेर विद्यालयको प्रोफायल तयार गर्नुपर्दछ । यस प्रकारले तयार भएको आवश्यकताको प्रोफायल आधारभूत तहको हकमा सम्बन्धित स्रोतकेन्द्रमा र माध्यमिक तहको हकमा शैक्षिक तालिम केन्द्र/अगुवा स्रोतकेन्द्रमा पठाउनुपर्दछ । यसरी विद्यालयबाट प्राप्त आवश्यकता प्रस्तावमा आधारित भएर पहिलो ५ दिनको तालिम कार्यशालाको तालिम सामग्री तयार गरी कार्यक्रम सञ्चालन गरिन्छ । (स्रोत : शैक्षिक जनशक्ति विकास केन्द्र, २०६६)

तालिम कार्यशाला सञ्चालन भएको २० देखि ३० दिनभित्रमा यस कार्यक्रमका सहभागी शिक्षकले तोकिए बमोजिमका परियोजना कार्यहरु आफू कार्यरत विद्यालयमा नै सम्पन्न गर्नुपर्दछ । यस चरणलाई स्वाध्ययन अभ्यास भनिन्छ र यसका लागि जम्मा ३ दिन बराबरको क्रेडिट प्राप्त हुने गर्दछ । यस चरणमा सम्पन्न भएका परियोजना कार्यहरुको मूल्यांकन गर्न तथा शिक्षकलाई स्थलगत सहायता उपलब्ध गराउनका लागि बिशेषज्ञहरुद्वारा सहभागी शिक्षक कार्यरत विद्यालयमा नै सहायता भ्रमण गरिन्छ । २ दिने यस चरणमा सम्बन्धित शिक्षकको कम्तीमा १ वटा कक्षा अवलोकन गर्ने, परियोजना कार्यको मूल्यांकन गर्ने तथा शिक्षक, प्र.अ. एवम् वि.व्य.स.का पदाधिकारीहरु सम्मिलित बैठक सञ्चालन गर्ने गरिन्छ ।

यस चरणलाई शैक्षणिक परामर्श भनिन्छ । कार्यक्रमको समष्टिगत संरचनालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

- जम्मा ३० दिन
  - पहिलो १० दिन
    - तालिम कार्यशाला (५ दिन)
    - स्वाध्ययन अभ्यास (३ दिन)
    - शैक्षणिक परामर्श (२ दिन)
  - दोश्रो १० दिन
    - तालिम कार्यशाला (५ दिन)
    - स्वाध्ययन अभ्यास (३ दिन)
    - शैक्षणिक परामर्श (२ दिन)
  - तेश्रो १० दिन
    - तालिम कार्यशाला (५ दिन)
    - स्वाध्ययन अभ्यास (३ दिन)
    - शैक्षणिक परामर्श (२ दिन)

(स्रोत : शैक्षिक जनशक्ति विकास केन्द्र, २०६६)

यसरी शिक्षण सिकाइमा रहेका तत्कालीन समस्याहरुको स्वयम् शिक्षकद्वारा पहिचान गरी तिनको समाधानका लागि प्रयत्नशील रहँदै आफ्नो पेशागत दक्षता अभिवृद्धि गर्ने सीप शिक्षकहरुलाई प्रदान गर्ने एवम् यस प्रकारका क्रियाकलापहरुमा उनीहरुलाई अभ्यस्त गराउने उद्देश्य राखेको शिक्षकको पेशागत विकास कार्यक्रम कसरी कार्यान्वयन गरिएको छ, शिक्षकका वास्तविक आवश्यकता एवम् पेशागत समस्याहरुको सम्बोधन गर्न यो कार्यक्रम कति प्रभावकारी रहेको छ भन्ने विषयलाई यस सोधकार्यमा अध्ययनको विषय बनाइएको छ ।

## १.२. समस्याको कथन

शिक्षालाई समय सापेक्ष बनाउनका लागि यस क्षेत्रसँग सम्बन्धित विषयमा दिन प्रति दिन विकास भइरहेका सिद्धान्तहरु एवम् नवीन धारणाहरुको जानकारी अपरिहार्य हुन्छ । शिक्षक नै शिक्षणको प्रमुख पात्र भएकाले आफूले कक्षाकोठामा प्रस्तुत गरेका विषयवस्तुहरु विद्यार्थीहरुले सहज रुपमा ग्रहण गर्न सकेका छन् कि छैनन् भन्ने विषयमा शिक्षक स्वयम्ले

मूल्यांकन गर्नुपर्दछ । आफ्नो मूल्यांकन आफैंले गरेर आफ्नो शैक्षिक सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउनका हरदम प्रयत्नशील रहनुपर्दछ । यसका लागि निरन्तर रुपमा अध्ययन अनुसन्धान र नवीनतम समस्याहरुको समाधानमा क्रियाशील रहनुपर्दछ । यस प्रकारको पेशागत लगनशीलताको विकास गराउनका लागि सरकारी तवरबाट प्रस्तुत गरिएको शिक्षकको पेशागत विकास कार्यक्रम के कसरी कार्यान्वयन भइरहेको छ, शिक्षकका वास्तविक पेशागत समस्याहरुको समाधान गर्न यो कार्यक्रम प्रभावकारी भएको छ कि छैन भन्ने विषयमा यो अध्ययन अनुसन्धान गर्ने प्रयास गरिएको हो । यस अध्ययनले निम्न प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरेको छ :

१) शिक्षकको पेशागत विकास कार्यान्वयन प्रक्रिया के कस्तो रहेको छ ?

२) शिक्षकको पेशागत विकास कार्यक्रमले शिक्षकहरुका वास्तविक पेशागत समस्या समाधान गर्न सकेको छ ?

## १.३. अध्ययनको औचित्य

विषयवस्तुलाई सिकारु समक्ष प्रभावकारी ढंगले प्रस्तुत गर्न र विषयवस्तुलाई विद्यार्थी समक्ष ग्रहण योग्य ढंगले पुऱ्याउन शिक्षकमा बिशेष प्रकारको सीप, कला एवम् तौरतरीकाको आवश्यकता पर्दछ । यसका साथै समसामयिक विश्व परिवेशमा नवीन रुपमा आएका विषयवस्तुहरु तथा सिद्धान्तहरुका सन्दर्भमा शिक्षक सधैं अद्यावधिक रहनुपर्दछ । शिक्षकका यी अपेक्षित व्यवहारहरु वास्तविकतामा रुपान्तरण हुन नसकेमा शिक्षण सिकाइ सहज हुन सक्दैन । सिकाइ प्रभावकारी हुन नसकेमा पाठ्यक्रमले राखेका उद्देश्यहरु पुरा हुन नसकेर समग्र राष्ट्रको शैक्षिक लक्ष्य नै अपुरो हुन जान्छ र मानवीय संसाधन विकासको क्षेत्रमा राज्यलाई क्षति पुग्दछ ।

शिक्षकका लागि विभिन्न तालिम कार्यक्रमहरु सञ्चालन भएका भएता पनि यी कार्यक्रमहरु वास्तविक रुपमा प्रभावकारी हुन सकेनन् । कक्षाकोठामा तालिमका सन्दर्भमा सिकेका सीपको प्रयोग हुन सकेन । केन्द्रद्वारा अनुमानका भरमा पहिचान गरिएका विषयवस्तुमा आधारित भई तयार भएका तालिम कार्यक्रमहरुले शिक्षकका पेशागत विकास सम्बन्धी

वास्तविक आवश्यकता एवम् समस्याहरुको सम्बोधन गर्न सकेनन् । यसै विषयलाई हृदयंगम गरी शिक्षकको वास्तविक आवश्यकतासँग निकट रहने, तलबाट माथितिरको प्रणालीमा आधारित शिक्षक तालिमको मोडल तयार गरी कार्यान्वयनमा ल्याउन विकास गरेको शिक्षकको पेशागत विकास कार्यक्रमले शिक्षकलाई शिक्षण सिकाइ क्रियाकलापमा सहयोग पुग्ने विश्वास गरिएको छ । यसका साथै स्वयम् शोधकर्ता पनि विद्यालय शिक्षाकै क्षेत्रमा कार्यरत रहेको हुनाले यो अध्ययनले आफ्नो कार्यक्षेत्रमा कार्यसम्पादन गर्नका लागि अझै सरलता र सहजता प्रदान गर्दै उपयोगी हुने आशा गरिएको छ । शिक्षकहरुलाई यस कार्यक्रममा सक्रियतापूर्वक सहभागी हुन र पेशागत रुपमा सक्षम, सबल र सीपयुक्त हुन अभिप्रेरित गर्दै शिक्षाको गुणस्तर सुधार गर्नमा यो अध्ययनले सहयोग पुऱ्याउने आशा गर्न सकिन्छ । यसबाट शिक्षकको पेशागत विकास कार्यक्रम  कार्यान्वयन प्रक्रियामा अरु सुधार ल्याउन शिक्षा मन्त्रालय, शैक्षिक जनशक्ति विकास केन्द्र, यस अन्तर्गतका शैक्षिक तालिम केन्द्रहरु तथा जिल्ला शिक्षा कार्यालयहरुलाई समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

### १.४. अध्ययनका उद्देश्यहरु

यस अध्ययनका लागि देहायका उद्देश्यहरु छनौट गरिएको छ :

१) शिक्षकको पेशागत विकास कार्यक्रम सञ्चालन प्रक्रियाको वर्तमान अवस्थाको बिश्लेषण गर्नु ।

२) शिक्षकको पेशागत विकास कार्यक्रमको कार्यान्वयन प्रभावकारिताको लेखाजोखा गर्नु ।

३) शिक्षकको पेशागत विकास कार्यक्रममा देखिएका समस्याहरु पहिचान गरी प्रभावकारी बनाउन उपायहरु सुझाउनु ।

### १.५. अनुसन्धानात्मक प्रश्नावली

१. शिक्षकको पेशागत विकास कार्यक्रमको सञ्चालन प्रक्रिया कस्तो छ ?

२. शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयनको वास्तविक अवस्था कस्तो छ ?

३. शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयनमा के के समस्याहरु देखिएका छन् ?

## १.६. अध्ययनको परिसीमा

नेपालमा विभिन्न किसिमका शिक्षक तालिमका कार्यक्रमहरु कार्यान्वयन भई सकेका भएतापनि यो  अध्ययन शिक्षकको पेशागत विकास कार्यक्रममा मात्र सिमित रहेको छ । तेह्रथुम जिल्लामा सञ्चालित २४० वटा सामुदायिक विद्यालयहरुमध्ये २ वटा सामुदायिक माध्यमिक विद्यालयमा कार्यरत यस अघि माध्यमिक तहको शिक्षकको पेशागत विकास कार्यक्रममा सहभागी भएका शिक्षकहरुलाई मात्र यस अध्ययनभित्र सीमित गरिएको छ । उक्त शिक्षकहरुले प्राप्त गरेको शिक्षकको पेशागत विकास कार्यक्रमको सञ्चालन प्रक्रिया तथा त्यसबाट शिक्षकको पेशागत विकासमा पुगेको सहयोगको अवस्था विश्लेषण गरिएको छ । त्यसैले यस अध्ययनबाट प्राप्त नतिजा अन्यत्र सामान्यीकरण नहुन पनि सक्दछ ।

# परिच्छेद दुई : साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

अध्ययनको यस खण्डमा यस अध्ययनसँग सम्बन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाका प्रस्तुत गरिएको छ । अध्ययनलाई पुरा गर्न विभिन्न विद्वानहरुद्वारा प्रतिपादित सिद्धान्तहरु, सोधकर्ताका सोधपत्रहरु र विभिन्न लेख तथा रचनाहरुलाई यस अध्ययनसँग सम्बन्धित गराइएको छ । यस अध्ययनलाई पूर्णता दिन सम्बन्धित गराइने सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाकालाई अलग अलग शीर्षकमा प्रस्तुत गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

गुरागाईं (२०७०) ले तयार पार्नुभएको शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयन स्थिति र सुधारका क्षेत्र लेखमा उल्लेख भए अनुसार शिक्षकले सामना गर्नुपरेका तत्कालीन शिक्षण सिकाई सम्बन्धी समस्या समाधान गर्ने र शिक्षण कार्यमा उत्कृष्टता सुनिश्चित गर्न शिक्षकको निरन्तर पेशागत दक्षता अभिवृद्धि गर्ने उद्देश्यका साथ शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयन भइरहेको छ । उनको लेखमा शिक्षकको पेशागत विकासको बारेमा बि.सं. २०११ सालदेखि हालसम्म गठित शिक्षा आयोगले बुझाएका प्रतिवेदनमा उल्लेखित सुझावहरु समेत उल्लेख गरी शिक्षकको पेशागत विकास कार्यक्रमको कार्यान्वयनको अवस्था उल्लेख छ । विद्यालय क्षेत्र सुधार योजनाले ५ वर्षको अवधिमा सबै शिक्षकहरुलाई पेशागत तालिम दिने लक्ष्य निर्धारण गरी प्रत्येक वर्ष १० दिने मोड्युललाई आधार मानी सबै शिक्षकलाई दिई ५ वर्षभित्र तालिमका तीन चरण अथवा ३० दिन बराबरको तालिम दिने लक्ष्य भएपनि हालको लक्ष्यको अनुपातमा ५५.६७ प्रतिशतका लागि मात्र सम्बोधन हुन सकेको अवस्था उल्लेख छ । शिक्षकको पेशागत विकास कार्यक्रममा शिक्षक स्वयमको मागमा आधारित तालिम र शिक्षकमा शिक्षण गर्दा देखिएका समस्याहरुलाई सम्बोधन गर्ने, परियोजना कार्य गर्न सकिने, कार्यमूलक अनुसन्धान गर्न सकिने, मामला अध्ययन गर्ने सीप सिकिने र प्रयोग पनि हुने भएकोले यो तालिम उपलब्धिमुलक छ तर अझ प्रभावकारी बनाउन तालिम दिनेको माथिल्लो निकायबाट निरन्तर मूल्यांकन हुनुपर्ने, शैक्षिक परामर्श नहटाई निरन्तर राखिनुपर्ने, सरोकारवालाहरुबीच अन्तर्क्रिया हुनुपर्ने र सफल रुपमा कार्यान्वयन गर्न अनुगमन र प्राविधिक सहायतालाई अझ

नतिजामूलक बनाउनुपर्ने कुरा उक्त लेखमा उल्लेख छ । शिक्षकको पेशागत विकासको लागि प्रत्यक्ष प्रभाव पार्ने विद्यालय व्यवस्थापन समिति, स्थानीय सरोकारवालाहरुको क्षमता विकासमा जोड दिनुपर्ने र शिक्षकको शिक्षण पेशामा प्रवेश गर्दाको योग्यता र क्षमतालाई परिवर्तित वातावरणमा समायोजन हुनसक्ने गरी नवीकरण, सबलीकरण एवम् अद्यावधिक गर्ने वातावरण बनाई कक्षा कोठाको शिक्षण सिकाइमा परिमाणात्मक तथा गुणात्मक उपलब्धिमा विश्वसनियता र बैधता कायम गर्दै दैनिक रुपमा शिक्षण सिकाइमा सुधार ल्याउने चुनौति समेत रहेको कुरा उक्त लेखमा उल्लेख गरिएको छ ।

पोखेल (२०७०) को शिक्षकको पेशागत तालिम : शिक्षकको वैयक्तिक अनुभूति शीर्षकको लेखमा शिक्षकको पेशागत विकास तालिमसँग सम्बन्धित भई पेशागत तालिमको सकारात्मक र नकारात्मक अवधारणा बारे अध्ययन गर्न २०६९ असोज देखि माघ मसान्तसम्म विभिन्न विद्यालयको भ्रमण गरी १९ जना शिक्षक तथा विद्यार्थीहरुको विचारलाई सारमा खिंचिएको छ । १९ जना सहभागीहरुको विचारको सारले पेशागत विकास तालिमका सबल तथा दुर्बल दुवै पक्षका साथ सुधारका लागि सुझावहरु समेत प्रस्तुत भएको छ । उक्त १९ जना सहभागीहरुको भनाइलाई विश्लेषण गरी शिक्षकको पेशागत विकास कार्यक्रमप्रति शिक्षकहरुले नकारात्मक भन्दा सकारात्मक पक्षहरु नै बढी देखाएको सारांश छ । शिक्षकहरुले विद्यालयमा सिकाइ उपलब्धि सुधार गर्न पेशागत विकास कार्यक्रम सहयोगी छ तर यस कार्यक्रमको दोस्रो र तेश्रो खण्ड अति अप्रभावकारी भएकोले यो असफलता उन्मुख छ । जसको प्रमुख कारण शिक्षकको पेशागत विकास कार्यक्रमबाट शिक्षण सिकाइमा अति थोरै मात्र सहयोग पुगेकोले पेशागत क्षमता विकासमा तात्विक फरक अनुभूति दिन नसकेको प्राय : छलफल अन्तर्क्रियामा समावेश शिक्षकहरुको अनुभूति रहेको छ । नेपालमा शिक्षकको पेशागत विकास कार्यक्रममा यति ठूलो प्रयास रहँदा रहँदै पनि किन अपेक्षित प्रतिफल प्राप्त गर्न सकिएको छैन ? सबै शिक्षकले जिम्मेवारीपूर्ण ढंगले मनन गरौं र देश विकासमा राम्रा अभ्यास र सफलताहरुलाई जोडेर अगाडी बढौं भन्ने सल्लाह सुझाव समेत उक्त लेखमा उल्लेख गरिएको छ ।

शर्मा (२०७०) का अनुसार नेपालमा भएको शिक्षक तालिमको अभ्यासको विश्लेषण विषयक लेखमा नेपालमा बि.सं. २००४ सालमा शिक्षक तालिमको संस्थागत अभ्यासको थालनी

भएदेखि हालसम्मका शिक्षकको पेशागत विकास तथा तालिम कार्यक्रम कार्यान्वयनका खास खास ऐतिहासिक मोडहरुलाई उल्लेख गरिएको छ । विद्यालय क्षेत्र सुधार कार्यक्रमको कार्यान्वयनसँगै शुरु भएको पूर्णत : मागमा आधारित शिक्षकको पेशागत विकास तालिमको अवधारणा, कार्यान्वयनको वर्तमान अवस्था, सैद्धान्तिक अवधारणा र प्रयोगको नतिजा बीचको अन्तरलाई विश्लेषण गरिएको छ । उनको लेखमा शिक्षक तालिमलाई बि.सं. २०२८ पूर्वको अवस्था, बि.सं. २०२८ देखि २०४० सम्मको अवस्था, बि.सं. २०४० देखि २०५० सम्मको अवस्था, बि.सं. २०५० देखि २०६६ सम्मको अवस्था र बि.सं. २०६६ देखि हालसम्मको अवस्था गरी शिक्षक तालिमलाई ५ खण्डमा विभाजन गरी विश्लेषण गरिएको छ । वर्तमान शिक्षक तालिममा शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयनको समीक्षा समेत गरिएको छ । यस अन्तर्गत विद्यालय क्षेत्र सुधार योजनामा उल्लेख भए अनुसार पाँच वर्षमा हाल कार्यरत सबै शिक्षकहरुलाई ३० दिनको तालिम दिने लक्ष्य तोकिएकै अवधिमा पुरा नहुने कुरालाई उल्लेख गरिएको छ । विगत चार वर्षको अवधिमा लक्ष्यको ५५.६७ प्रतिशत तालिमका लागि मात्र कार्यक्रम तथा बजेट स्वीकृत भई कार्यान्वयनमा गएको अवस्थालाई उल्लेख गरिएको छ । उक्त लेखमा शिक्षकको पेशागत विकास कार्यक्रमका चरणहरु, तालिमका संस्थागत प्रक्रिया, समस्याहरु र सुधारका लागि सम्भावित उपायहरु समेत विश्लेषण गरिएको छ । यसै लेखमा शिक्षकको पेशागत विकास कार्यक्रममा शिक्षा पद्धतिले सुधारका लागि आवश्यक ठानेका बालमैत्री विद्यालय, निरन्तर विद्यार्थी मूल्यांकन, स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी शिक्षकहरुको माग कम आउने गरेका छन् तर शिक्षकको पेशागत विकास कार्यक्रमका मोड्युलमा उक्त विषयहरु समेटी तालिम दिने व्यवस्था टिपिडी हबले गर्नुपर्ने सुझाव सहित शिक्षकको पेशागत विकास कार्यक्रम पूर्तीमा आधारित तालिमको प्रतिस्थापनको रुपमा मागमा आधारित तालिम भएकोले सबै सरोकारवालाहरुले यसको भावना बुझी कार्यान्वयनमा सफलता प्राप्त गर्नुपर्ने सुझाव प्रस्तुत गरिएको छ ।

जोशी (२०७०) ले तयार पार्नुभएको शिक्षकको पेशागत विकास : चुनौती र समाधान शीर्षकको लेखमा शिक्षक तालिमको ऐतिहासिक पृष्ठभूमी दर्शाई शिक्षक तालिमको महत्व तथा आवश्यकताको बारेमा चर्चा गरिएको छ । उक्त लेखले शिक्षक तालिमको हालसम्मको उपलब्धी, नीतिगत व्यवस्था, संस्थागत व्यवस्था र कार्यगत व्यवस्था छुट्टाछुट्टै

उपशीर्षकमा उल्लेख र विश्लेषण गरिएको छ । यस लेखले शिक्षकको पेशागत विकास कार्यक्रम मागमा आधारित भएपनि हालसम्म स्वयम् शिक्षकले पेशागत समस्या छनौट गर्न नसकेको, आवश्यकता समयमा पेश नगरेको, टिपिडी हबले आवश्यकतालाई समूहीकृत नगरेको, राज्यबाट समयमा बजेट निकास नहुने गरेको, दोस्रो र तेश्रो खण्डलाई सबैले जोड नदिएको, शिक्षकले आफ्ना कमी कममजोरी लुकाउने गरेको जस्ता विषयहरु यस कार्यक्रमका समस्याका रुपमा उल्लेख गरिएको छ भने यस कार्यक्रमलाई प्रभावकारी बनाउन कार्यक्रम कार्यान्वयन पुस्तिकाको पूर्ण पालना, समयमा विशिष्ट माग संकलन, प्रक्रियागत रुपमा सञ्चालन र दोस्रो र तेस्रो खण्डलाई प्राथमिकता दिनुपर्ने तब यो तालिम कार्यक्रम मागमा आधारित बन्न सक्छ र भावना अनुकुल बन्न सक्छ भन्ने धारणा सुझावको रुपमा प्रस्तुत गरिएको छ ।

घिमिरे (२०६५) को शिक्षकको शैक्षिक योग्यता र सिकाइ उपलब्धी शीर्षकको लेखमा शिक्षकको शैक्षिक योग्यता र त्यसले विद्यार्थीको सिकाइ उपलब्धिमा पुऱ्याउने असरलाई मुख्य उद्देश्य बनाई स्नातकोत्तर तहको सोध अध्ययनमा तथ्यांक संकलनको साधन प्रश्नावली, सहभागितामूलक अनुसन्धान/अवलोकन र अभिलेख अध्ययनलाई बनाइएको छ । परिमाणात्मक र गुणात्मक दुबै ढाँचाको प्रयोग गरी अध्ययन गरेको पाइयो । उनको अनुसन्धानमा योग्यता प्राप्त शिक्षक भनेका शैक्षिक र पेशागत दुबै योग्यता भएका शिक्षक हुन्, त्यस्ता शिक्षकको शिक्षणबाट सिकाइ उपलब्धि बढेको, तालिम प्राप्त र माथिल्लो योग्यता भएका शिक्षकको शिक्षणमा अभिभावक र विद्यार्थीमा बढी विश्वास भएको तालिम प्राप्त शिक्षकको मनोबल उच्च भएको र शिक्षण सिकाइमा सकारात्मक प्रभाव परेकोले समयानुसार शिक्षकहरुलाई तालिमको माध्यमबाट नवीकरण र सबलीकरण गर्नु आवश्यक रहेकोले यसलाई राज्यले व्यवस्थापन गर्नुपर्ने सुझाव उल्लेख गरिएको छ ।

## २.२ सैद्धान्तिक खाका

जुनसुकै अध्ययन तथा अनुसन्धानको लागि पनि कुनै न कुनै विश्वव्यापी मान्यता प्राप्त सिद्धान्तको आधार आवश्यक हुन्छ । यो अनुसन्धानको क्रममा पनि यस अध्ययनसँग सम्बन्धित विभिन्न सिद्धान्तलाई आधार लिइने छ । शिक्षकको पेशागत विकास कार्यक्रमको प्रभावकारिता शीर्षकको यस अध्ययनलाई पूर्णता दिन एफ.डब्लु. टेलर (सन् १९११) को

वैज्ञानिक व्यवस्थापनको सिद्धान्त र जर्ज इल्टन मायो (सन् १९५०) को मानव सम्बन्ध सिद्धान्तको आधार लिइएको छ ।

टेलर (१९११) द्वारा प्रतिपादित वैज्ञानिक व्यवस्थापनको सिद्धान्तमा उनले संगठनमा सानो पदबाट माथिल्लो पदमा रहेर काम गरेको अनुभव संगालेर सन् १९११ मा वैज्ञानिक व्यवस्थापनको सिद्धान्त नामक पुस्तक मार्फत आफ्नो सिद्धान्तको व्याख्या गरेका थिए । उनका अनुसार कामदारहरुले जथाभावी रुपमा परम्परागत नियम र शैलीमा आधारित भई काम गर्ने चालचलनको सट्टा व्यवस्थित, तर्कपूर्ण र न्यायोचित तरीकाले विधिवतवत रुपमा काम गर्ने वैज्ञानिक परिपाटीको थालनी गर्नु आवश्यक छ । उनले वैज्ञानिक व्यवस्थापनलाई मानिसलाई काम गर्न दिएको राम्रो र किफायती ढंगले गर्न सक्छ भनी ठिक काम जाँच्ने कलाको रुपमा लिएका छन् । उनले सन् १९११ मा ५ वटा प्रमुख सिद्धान्तहरु प्रतिपादन गरी हरेक कामदारको संगठन बीचमा रहने मनमुटावको सट्टा एक आपसमा समभ्रुदारी र सहिष्णुता कायम गरी काम गरेमा गरेको कामले अत्यधिक प्रतिफलका साथ काम सुसम्पन्न गर्न सकिने तर्क गरेका छन् । कामदारको कार्यदक्षता उच्च राख्न कामदारलाई काम छान्ने अधिकार, कामदारलाई तालिमको व्यवस्थाका साथै कामदार र मालिक बीचमा आत्मीय सम्बन्धको स्थापना, कामदारहरुबीच दोषारोपण र थकावटलाई कम गर्नुपर्ने उनको तर्क रहेको छ । हाल शिक्षकको पेशागत विकास तालिमको प्रभावकारितालाई यो सिद्धान्तसँग सम्बन्धित गराउँदा हाल नेपालका सामुदायिक विद्यालयमा शिक्षकको पेशागत विकास तालिमको कक्षाकोठामा प्रयोग तथा प्रभावकारिता कम भएको देखिन्छ । विद्यालयहरुमा तालिमको प्रभावकारिताका लागि विद्यालयको शिक्षक दरबन्दी, भौतिक व्यवस्थापन, तालिम सञ्चालन हुने निकाय, निरीक्षण तथा अनुगमन प्रभावकारी भएमा मात्र शिक्षक तालिमको सकारात्मक प्रभाव कक्षाकोठा र बालबालिकामा पुगी उद्देश्य पुरा हुन सक्दछन्  (कोइराला र श्रेष्ठ, २०६६ बाट उद्धृत) ।

मायो (सन् १९५०) को मानव सम्बन्ध सिद्धान्तमा मानिस समुहमा बसेर काम गर्न मन पराउने र समुह कार्यले व्यवहारलाई प्रभावित गर्ने, यसले उत्पादकत्व बढाउने, मैत्रीभाव र आत्मसम्मानले कामदारको व्यवहार प्रभावित हुने , उत्पादकत्व प्राविधिक कुरामात्र नभएर सामाजिक विषय पनि भएकोले अनौपचारिक समूहले कामदार प्रभावित हुने, टोलीगत कार्यबाट

दक्षता बढ्ने तथा मानिस मेशीन सरह नहुने भएकोले पैसाले मात्र उसलाई उत्प्रेरित गर्न नसकिने कुरा उल्लेख गरिएको छ (अग्रवाल, २०६६ बाट उदृत)।

शिक्षकको पेशागत विकास कार्यक्रमलाई यस सिद्धान्तसँग आबद्ध गराउँदा तालिम कार्यक्रममा सिकेका सीपहरुको शिक्षकहरुबाट दक्षतापूर्ण प्रयोग हुन नसकेको हालको परिवेशमा निरीक्षकहरुबाट शिक्षकसँग मानवीय सम्बन्धको स्थापना गरी सामाजिक ढंगबाट उसलाई उत्प्रेरित गरिनुपर्ने देखिन्छ। परम्परागत प्रशासनिक निरीक्षण भन्दा समूह सुपरीवेक्षणमा जोड दिनु आवश्यक हुन्छ। सौहार्द्रपूर्ण मानवीय सम्बन्धको स्थापनाबाट शिक्षकलाई आफ्ना पेशागत आवश्यकता प्रस्तुत गर्ने सन्दर्भमा, तालिममा सक्रियता पूर्वक सहभागिता बढाउन तथा तालिमका सीपहरुलाई कक्षाकोठामा प्रयोग गर्ने तर्फ उत्प्रेरित गराउन सकिन्छ र तालिम कार्यक्रमको प्रभावकारिता अभिवृद्धि हुन सक्दछ।


## २.३ पुनरावलोकनको उपादेयता

यस सोध अध्ययनलाई पूर्णता दिनका लागि प्रयोग गरिएको साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाकाले यस अनुसन्धानात्मक कार्यलाई सैद्धान्तिक ढाँचा प्रदान गर्न सहयोग गर्नुका साथै तथ्यांकलाई ब्याख्या र विश्लेषण गरी उपयुक्त निष्कर्ष निकाल्न सहयोग पुऱ्याएको छ। यसका साथै सूचनालाई वस्तुनिष्ठ र विश्वसनीय बनाउन समेत बनाएको छ।

यस अध्ययनसँग सम्बन्धित रहेर विभिन्न सोधकर्ता, विद्वान र विभिन्न अनुसन्धानकर्ताहरुको अनुसन्धान कार्यप्रति गम्भीर ध्यानाकर्षण भई उक्त अध्ययनलाई यथार्थताको नजिक पुऱ्याउने उद्देश्यले यो विषयवस्तु छनौट गरेको छु। यस अध्ययनले सोधार्थी, योजनाकार, नीति निर्माता, शिक्षक, विद्यार्थी लगायत सरोकारवालाहरु सबैका लागि सहायक सन्दर्भ सामग्रीको रुपमा प्रयोग गर्न सकिन्छ।

## २.४ अवधारणात्मक ढाँचा

यस अध्ययनमा गरिएको सैद्धान्तिक खाका र साहित्यको पुनरावलोकन पश्चात यस अध्ययनलाई निर्देशित गर्न निम्नानुसारको अवधारणात्मक ढाँचा निर्धारण गरिएको छ।


अवधारणात्मक ढाँचा
पेशागत विकास कार्यक्रममा सहभागिता
कार्यक्रमका चरण
तालिमको संस्थागत प्रक्रिया
पेशागत विकास कार्यक्रममा सहभागिता
कार्यक्रमका चरण
तालिमको संस्थागत प्रक्रिया

## परिच्छेद तीन : अध्ययन विधि

अनुसन्धान कार्य सम्पन्न गर्न प्रयोग गरिने समग्र प्रकृया, जनसंख्या तथा नमूना छनौट, तथ्याङ्कको स्रोत, तथ्याङ्क संकलन प्रकृया, तथ्याङ्क संकलनका साधनहरु र तथ्याङ्क विश्लेषण एवं प्रस्तुतिकरण गरी निष्कर्षमा पुग्ने सम्पूर्ण प्रकृयाको समष्टिगत रुपलाई नै अध्ययन विधि भनिन्छ । कुनै पनि अनुसन्धान कार्यकालागि अनुसन्धानको प्रकृति अनुरुप विधि निर्धारण गरिएको हुन्छ । उचित अध्ययन विधिको चयन र त्यसको सहि प्रयोगलेमा सत्य सूचना प्राप्त गर्न सकिन्छ । तसर्थ यस अध्ययनका क्रममा अपनाइएका विधिहरुलाई निम्न चरणमा उल्लेख गरिएको छ ।

### ३.१. अनुसन्धान ढाँचा

यस अध्ययनको ढाँचा मूलत गुणात्मक रहेको छ । यसका साथै मिश्रित ( परिमाणात्मक र गुणात्मक) पक्षहरुलाई समावेश गरिएको छ । अध्ययनको प्रकृति अनुसार प्राप्त तथ्यांकलाई तथ्यांकशास्त्रीय विधि र सूचनादाताबाट प्राप्त विवरणलाई जस्ताको तस्तै राख्नुपर्ने भएकोले यस अध्ययनलाई मिश्रित ढाँचा अनुसार सम्पन्न गरिएको छ । यसको प्रस्तुतीकरण वर्णनात्मक र विश्लेषणात्मक रहेको छ ।

### ३.२ जनसंख्या तथा नमूना छनौट

यस शोध कार्यका लागि तेह्रथुम जिल्लामा सञ्चालित ४५ वटा सामुदायिक माध्यमिक विद्यालयहरुमध्येबाट म्याङलुङ स्रोतकेन्द्रमा सञ्चालित तीनवटा सामुदायिक माध्यमिक विद्यालय, ती सामुदायिक विद्यालयका प्र.अ. ३ जना, माध्यमिक शिक्षक २३ जना, माध्यमिक तहमा अध्ययनरत विद्यार्थी २५० जना, तालिम समन्वय समिति तेह्रथुमका पदाधिकारी १० जनालाई जनसंख्याको रुपमा लिइएको छ । उक्त जनसंख्या मध्येबाट दुईवटा विद्यालय, शिक्षकको पेशागत विकास कार्यक्रममा यस अघि सहभागी भइसकेका माध्यमिक शिक्षकहरुमध्ये प्रति मा.वि. ३/३ जनाका दरले ६ जना शिक्षक, २ जना प्रधानाध्यापक, जिल्ला तालिम समन्वय समितिका पदाधिकारीहरुमध्ये ५ जना र माध्यमिक तहमा अध्ययनरत १०/१० जना विद्यार्थी लाई नमूना जनसंख्याको रुपमा प्रयोग गरिएको छ ।

### ३.३ नमुनाको आकार

जनसंख्या मध्येबाट दुईवटा विद्यालय, उक्त विद्यालयमा कार्यरत माध्यमिक शिक्षकहरुमध्ये शिक्षकको पेशागत विकास कार्यक्रममा यस अघि सहभागी भइसकेका प्रति मा.वि. ३/३ जनाका दरले ६ जना शिक्षक, २ जना प्रधानाध्यापक, जिल्ला तालिम समन्वय समितिका पदाधिकारीहरुमध्ये ५ जना र माध्यमिक तहमा अध्ययनरत १०/१० जना विद्यार्थी लाई नमूना जनसंख्याको रुपमा प्रयोग गरिएको छ

### ३.४ नमुना छनौट विधि

| क.स. | जनसंख्याको विवरण | नमूना छनौट संख्या | छनौट विधि | कैफियत |
|---|---|---|---|---|
| १ | १३ वटा स्रोतकेन्द्र | १ वटा | सुविधाजनक नमूना छनौट | |
| २ | ३ वटा माध्यमिक विद्यालय विद्यालय | २ वटा | गोलाप्रथा विधि | |
| ३ | ३ जना प्रधानाध्यापक | २ जना | गोलाप्रथा विधि | |
| ४ | २३ जना माध्यमिक शिक्षक | ६ जना | गोलाप्रथा विधि | |
| ५ | २५० जना माध्यमिक तहका विद्यार्थी | २० जना | गोलाप्रथा विधि | |
| ६ | १० जना तालिम समन्वय समितिका पधाधिकारीहरु | ५ जना | गोलाप्रथा विधि | |

### ३.५ नमुना छनौटको आधार

यस सोधकार्यलाई पुरा गर्नका लागि सोधकर्ताको सुविधा अनुसार स्रोतकेन्द्र छनौट गरिएको हो । स्रोतकेन्द्र छनौट पश्चात अन्य नमूना गोलाप्रथा विधिबाट छनौट गरिएको छ ।

### ३.६ अनुसन्धानका साधनहरु

यस शोध कार्यलाई पूरा गर्नको लागि निम्न साधनहरु प्रयोग गरिएको थियो ।

क) प्रश्नावली :

प्रधानाध्यापक, शिक्षक र तालिम समन्वय समितिका पदाधिकारीहरुका लागि अलग अलग रुपमा तयार पारिएको प्रश्नावली प्रयोग गरिएको छ। प्रयोग गरिएका प्रश्नावलीहरु क्रमश : अनुसूची ३, ४ र ५ मा प्रस्तुत गरिएको छ।

(ख) अभिलेख अवलोकन फाराम :

सम्बन्धित विद्यालयद्वारा तयार गरी अगुवा स्रोतकेन्द्र म्याङलुङमा पेश गरेका विद्यालयगत आवश्यकताका प्रस्तावहरु, अगुवा स्रोतकेन्द्र म्याङलुङद्वारा माध्यमिक तहका नमुना छनौटमा परेका शिक्षकहरुले प्राप्त गरेको शिक्षकको पेशागत विकास कार्यक्रम सञ्चालनार्थ तयार गरिएका मोड्युल सामग्रीहरु ( तालिम प्याकेजहरु), सम्बन्धित शिक्षकको शैक्षणिक परामर्श चरणमा परामर्शदाताद्वारा अगुवा स्रोतकेन्द्रमा पेश गरिएका प्रतिवेदनहरुको अध्ययन गरिएको छ। यसका साथै शिक्षकको पेशागत विकास कार्यक्रममा सहभागी हुनु अगाडी र पछिको शैक्षिक सत्रको विद्यार्थीको औषत सिकाइ उपलब्धीको अध्ययन तथा बिश्लेषण गरिएको छ। विद्यार्थी सिकाइ उपलब्धीको विवरण संकलन फाराम अनुसूची ८ मा प्रस्तुत गरिएको छ।

(ग) अन्तर्वार्ता निर्देशिका :

सम्बन्धित शिक्षकहरुले शिक्षण गर्ने विषयसँग सम्बन्धित विषयवस्तु तथा कक्षाकोठा क्रियाकलापका सन्दर्भमा सम्बन्धित विद्यार्थीहरुसँग अन्तर्वार्ता लिई सोको बिश्लेषण गरिएको छ। यसका लागि प्रयोग गरिएका प्रश्नहरु अनुसूची ६ मा प्रस्तुत गरिएको छ।

(घ) कक्षा अवलोकन फाराम :

कक्षा अवलोकनको निश्चित फाराम तयार गरी सोको आधारमा प्राप्त तथ्यांकलाई अध्ययन तथा बिश्लेषण गरिएको छ। प्रयोग गरिएको फाराम अनुसूची ७ मा प्रस्तुत गरिएको छ।

## ३.७ तथ्यांकका स्रोतहरु :

### ३.७.१ प्राथमिक स्रोतहरु :

यस शोध कार्यका लागि प्राथमिक तथ्याङ्कको रुपमा नमुनाको रुपमा छनौट गरिएका विद्यालयहरुका प्रधानाध्यापक, सहभागी शिक्षक तथा जिल्ला तालिम समन्वय समिति तेह्रथुमका पदाधिकारीहरुसँग प्रत्यक्ष भेटघाट, छलफल, प्रश्नोत्तर, सम्बन्धित विद्यार्थीहरुसँगको अन्तर्वार्ता सञ्चालनका साथै सम्बन्धित शिक्षकको कक्षा अवलोकन गरिएको छ ।

### ३.७.२ द्वितीय स्रोत :

द्वितीय तथ्याङ्कको रुपमा छनौट गरिएका विद्यालयहरुले तयार गरी अगुवा स्रोतकेन्द्रमा पेश गरेका विद्यालयगत आवश्यकताको प्रस्तावहरु, अगुवा स्रोतकेन्द्रले शिक्षकको पेशागत विकास  कार्यक्रम सञ्चालनका लागि तयार पारेका तालिम सामग्रीहरुको अध्ययन र विश्लेषणका साथै  सोसँग सम्बन्धित विभिन्न लेखरचनाहरु, प्रतिवेदनहरु, दस्तावेजहरु, नीति नियमहरु तथा निर्देशनहरुको अध्ययन गरिएको छ ।

## ३.८ तथ्याङ्क सङ्कलन विधि :

यस शोध कार्यको लागि तथ्याङ्क सङ्कलन गर्ने सन्दर्भमा सम्बन्धित शिक्षकहरु, प्रधानाध्यापकहरु, अगुवा स्रोतकेन्द्र म्याङलुङका प्रमुख, तालिम समन्वय समितिका पदाधिकारीहरुलाई प्रश्नावली भर्न लगाएर, प्रधानाध्यापक एवम् तालिम समन्वय समितिका पदाधिकारीहरुसँग प्रत्यक्ष भेटघाट गरेर, विद्यार्थीहरुसँग अन्तर्वार्ता लिएर कक्षा अवलोकन गरेर तथ्यांक संकलन गरिएको थियो । यसका साथै सम्बन्धित शिक्षक तथा  विद्यालयहरुबाट अगुवा स्रोतकेन्द्रमा प्राप्त भएका आवश्यकताका प्रस्तावहरु, तालिम सामग्रीहरु, परामर्शदाताका प्रतिवेदनहरुको अध्ययन गरिएको थियो  ।

## ३.९. तथ्याङ्क विश्लेषण प्रक्रिया   :

विभिन्न स्रोतबाट प्राप्त गरिएको तथ्याङ्कलाई विभिन्न आधारबाट व्याख्या र विश्लेषण गरिएको छ । यसका साथै तथ्याङ्कलाई वर्गीकरण र तालिकीकरण गरी बर्णनात्मक र विश्लेषणात्मक रुपमा प्रस्तुत गरिएकोछ । संकलित तथ्याङ्कहरुलाई आवश्यकता अनुसार तालिका र अन्य विभिन्न माध्यमहरुबाट समेत प्रस्तुत गरिएकोछ ।

## परिच्छेद चार : नतिजाको ब्याख्या र बिश्लेषण

प्रस्तुत अध्ययन शिक्षकको पेशागत विकास कार्यक्रमको प्रभावकारिता : एक अध्ययनमा अध्ययनकर्ताले छनौट गरिएको जिल्लाका विद्यालयहरुबाट छनौट भएका शिक्षकहरुले शिक्षकको पेशागत विकास कार्यक्रममा सहभागी हुँदा आवश्यकताको प्रस्तुती कसरी गर्ने गरेका छन् ? उनीहरुको आवश्यकताको प्रमाणीकरण कसरी निर्माण हुने गरेको छ ? तोकिएको अवधिमा तालिम हबमा आवश्यकताको प्रस्ताव पेश हुने गरेको छ वा छैन ? शिक्षकले पेश गरेका आवश्यता प्रस्तावका आधारमा तालिम सामग्री निर्माण हुने गरेको छ कि छैन ? उक्त कार्यक्रमले शिक्षकका वास्तविक शैक्षणिक समस्याको समाधान गर्न सकेको छ वा छैन ? कसरी यस कार्यक्रमलाई शैक्षणिक समस्या समाधान गर्ने तर्फ केन्द्रीत गर्न सकिन्छ ? जस्ता पक्षहरुमा वास्तविकता पहिचान गर्नका लागि विभिन्न साधनहरुको प्रयोगबाट तथ्याङ्क सङ्कलनल गरिएको थियो । सङ्कलन गरिएको तथ्याङ्कको विश्लेषण र व्याख्याबाट नै सम्बन्धित विषयको बास्तविकता पहिचान गरी निष्कर्षमा पुग्न सकिन्छ ।

प्रस्तुत अध्ययनमा मुख्य गरेर अभिलेख अध्ययन, प्रश्नावली, अन्तर्वार्ता तथा कक्षा अवलोकनको माध्यमबाट प्राप्त गरिएको तथ्याङ्कलाई साधारणतया भाषिक व्याख्याबाट तथा आवश्यकता अनुसार तालिकाको माध्यमबाट विश्लेषण र प्रस्तुतीकरण गरिएको छ । अभिलेख अध्ययन अन्तरगत छनौटमा परेका विद्यालयहरुका शिक्षकहरुबाट पेश भएका आवश्यकता प्रस्ताव, विद्यालयबाट पेश भएका आवश्यताको प्रोफायल, सम्बन्धित शिक्षक सहभागी भएको तालिम कार्यशालाका तालिम सामग्रीहरु, शैक्षणिक परामर्शका प्रतिवेदनहरुका विषयवस्तुलाई व्याख्या तथा विश्लेषण गरिएको छ । त्यसै गरी शिक्षकको पेशागत विकास कार्यक्रमको प्रभावकारिताको सम्बन्धमा तथ्याङ्क सङ्कलन गर्ने उद्देश्यले विद्यालयका प्रधानाध्यापक, शिक्षक, अगुवा स्रोतकेन्द्र म्याङलुङका प्रमुख, तालिम समन्वय समिति तेह्रथुमका पदाधिकारीहरुबाट बस्तुगत र छोटो उत्तर आउने विषयगत प्रश्नहरुको रहेको प्रश्नावलीको माध्यमबाट विचार तथा रायसुझाव सङ्कलन गरिएको छ उक्त तथ्याङ्कलाई आवश्यकता अनुसार तालिकीकरण गरी व्याख्या विश्लेषण गरिएको छ ।

### ४.१. शिक्षकको पेशागत विकास कार्यक्रम सञ्चालन प्रक्रियाको वर्तमान अवस्था

यस अध्ययनको सिलसिलामा अध्ययनकर्ताले तेह्रथुम जिल्लामा सञ्चालित माध्यमिक विद्यालयहरु मध्ये सुविधाजनक नमुना छनौट विधिको माध्यमबाट २ वटा विद्यालयहरुको छनौट गरी उक्त विद्यालयहरुबाट आ.व. २०७०।७१ मा अगुवा स्रोतकेन्द्र म्याङलुङद्वारा सञ्चालित शिक्षकको पेशागत विकास कार्यक्रममा सहभागी भएका शिक्षकहरुले पेश गरेका आवश्यकताहरु, विद्यालयले पेश गरेको आवश्यकता प्रस्ताव, उक्त कार्यक्रमका लागि तयार गरिएको तालिम सामग्री, तथा शैक्षणिक परामर्शदाताबाट पेश भएका परामर्श प्रतिवेदनहरुको अध्ययन गरिएको छ ।

#### ४.१.१ शिक्षकहरुको आवश्यकता प्रस्तुतीकरण

नमुना छनौटमा परेका विद्यालयमा शिक्षकहरुद्धारा पेश भएका आवश्यकताका आधारमा विद्यालयहरुले तयार गरेको विद्यालयगत आवश्यकताको प्रस्ताव अध्ययन गर्दा विषयगत रुपमा निम्नानुसार प्रस्तुत गरेको पाइयो ।

तालिका नं. १, शिक्षकहरुको आवश्यकता प्रस्तुतीकरणको विवरण

| विषय | सरस्वती मा.वि. तम्फूला | | सिंहवाहिनी उ.मा.वि. म्याङलुङ | |
|---|---|---|---|---|
| | पेशागत समस्या | अपेक्षित पेशागत सहयोग | पेशागत समस्या | अपेक्षित पेशागत सहयोग |
| नेपाली | व्याकरण, वर्णविन्यास, हिज्जे, काल, वर्ग, प्रत्यय, लिंग, वचन आदि । | समय, समयमा टिपिडी तालिम गोष्ठी | तत्सम र तत्भव शब्द छुट्याउने तरीका | समस्या समाधान गर्ने सीप |
| स्वा.जन.वातावरण | बसाइसराइका आकर्षक तथा विकर्षक तत्वहरु | समयमा पा.पु. उपलब्ध गराउनुपर्ने | जनसंख्या परिवर्तनकातत्वहरु शिक्षणमा समस्या | तालिम गोष्ठी |
| विज्ञान | चन्द्रमाको कला शिक्षण | तालिम गोष्ठी | कोष विभाजनका चरणहरु शिक्षणका लागि सुक्ष्मदर्शक यन्त्रको उपलब्धता नहुनु | सुक्ष्मदर्शक यन्त्रको उपलब्धता |
| गणित | ज्यामितीय नमुनाहरुको निर्माण | सामग्री निर्माण सम्बन्धी सीप | पाइथागोरस साध्य शिक्षण | तालिम गोष्ठी |
| अंग्रेजी | How to teach pronounciation | Methods to teach pronounation | How to teach and test speaking skill . | Methods to teach and test speaking skill |

स्रोत : आवश्यकता प्रस्ताव,अगुवा स्रोतकेन्द्र म्याङलुङ, २०७२

शिक्षकहरुबाट प्राप्त भएका व्यक्तिगत आवश्यकताका आधारमा समग्र विद्यालयको आवश्यकता प्रस्ताव तयारी भएको पाइयो । यसमा शिक्षकहरुबाट व्यक्तिगत रुपमा आवश्यकता प्रस्तुत गर्दा विशिष्ट रुपमा नभई समग्रतामा प्रस्तुत गरेको देखिन्छ । कक्षाकोठामा देखापर्ने बिशिष्ट समस्यामा आधारित भई प्रस्तुत भए नभएको सम्बन्धमा प्रधानाध्यापकबाट प्रमाणीकरण भएको पाइएन । यसैगरी समस्या समाधानका लागि बिशिष्टीकृत माग पनि भएको पाइएन । कतिपय विषयका शिक्षकहरुबाट त समस्या समाधानका लागि मेशीन तथा यन्त्रहरुको माग पनि भएको पाइयो ।

### ४.१.२ शिक्षकहरुका मागका आधारमा तालिम सामग्री निर्माणको अवस्था

तालिम कार्यशालाका लागि विषयगत रुपमा उपर्युक्त अनुसारका विषयवस्तुहरु संयोजन गरी ५ दिनको अलग अलग विषयको कार्यशाला सम्पन्न भएको पाइयो । आर्थिक वर्ष २०७०।७१ का लागि अगुवा स्रोतकेन्द्र म्याङलुङले तालिम कार्यशाला सञ्चालनार्थ अंग्रेजी, नेपाली, गणित, विज्ञान र सामाजिक विषयका तालिम सामग्री तयार गरी कार्यशाला सञ्चालन गरेको पाइयो । जसमा विद्यालयहरुबाट प्राप्त भएका आवश्यकता प्रस्तावहरुका आधारमा तालिम कार्यक्रमका विषयवस्तु तथा सत्र विभाजन गरेको पाइयो । सत्रका विषयवस्तु तय गर्दा कतिपय मागहरु सम्बोधन हुन नसकेको अवस्था समेत पाइयो । तालिम कार्यशालाको समाप्ति पछि विद्यालयमा आधारित स्वाध्ययन अभ्यास र शैक्षणिक परामर्शका बारेमा सत्र विभाजन भएको देखियो । तालिम कार्यशालामा सम्पूर्ण शिक्षकहरुका माग सम्बोधन हुने अवस्था देखिएन । यसका साथै बढी शिक्षकहरुबाट माग भएका विषयवस्तुमा बढी सत्र विभाजन हुनुपर्नेमा तदानुरुप भएको पाइएन । तालिम कार्यशालाका विषयवस्तुहरु पनि बिशिष्ट नभई समग्रतामा केन्द्रीत भएको पाइयो । तालिम कार्यशालाको विषयवस्तु तथा सत्र विभाजन अनुसूची १मा प्रस्तुत गरिएको छ ।

### ४.१.३ तालिम कार्यशाला

तालिम कार्यशाला सञ्चालनका लागि अगुवा स्रोतकेन्द्रबाट सहभागी छनौट गरि सम्बन्धित विद्यालयमा शिक्षकहरु छनौट गरी सहभागी हुन पठाइदिन सम्बन्धित विद्यालयमा पत्राचार गरेको पाइयो । सहभागी छनौट गर्दा आवश्यकताको प्रस्ताव नै पेश नगरेका शिक्षकहरु समेत

छनौट गरेको देखियो । यसरी आवश्यकताको प्रस्ताव पेश नगरेका शिक्षकहरु तालिम कार्यशालामा सहभागी हुँदा उसले आफ्नो शैक्षिणिक समस्यामा आधारित तालिम नलिएर अरुले महसुस गरेका विषयवस्तुमा लिएर पाइयो । तालिम कार्यशालामा सहभागी उपस्थिति तथा नियमिततामा ध्यान दिएको देखिएन ।

### ४.१.४ **स्वाध्ययन अभ्यास**

तालिम कार्यशाला सञ्चालन भइसकेपछि स्वाध्ययन अभ्यास अन्तर्गत २० देखि ३० दिनको अवधिभित्र सम्पन्न गर्नुपर्ने परियोजना कार्यहरुको जिम्मेवारी बाँडफाँड गरिएको पाइयो । सहभागी शिक्षकले तालिम कार्यशाला सम्पन्न भएको २० देखि ३० दिनभित्रमा शिक्षण सुधार योजना तयार गर्नुपर्ने, कुनै एक विषयमा कार्यमूलक अनुसन्धान गर्नुपर्ने र कुनै एउटा परियोजना कार्य सम्पन्न गर्नुपर्ने गरी कार्य तोकिएको पाइयो ।

### ४.१.५ शैक्षणिक परामर्श

२ दिनको शैक्षणिक परामर्श चरणका लागि तालिम समन्वय समितिको निर्णयबाट सम्बन्धित क्षेत्रका रोष्टर प्रशिक्षक र सम्बन्धित स्रोतव्यक्तिलाई परामर्शदाताका रुपमा खटाइएको पाइयो । निजहरुले सम्बन्धित शिक्षक कार्यरत विद्यालयको स्थलगत भ्रमण गरी वि.व्य.स. पदाधिकारी, प्रधानाध्यापक, सहभागी शिक्षक सम्मिलित बैठक सञ्चालन गरेको, परामर्शदाताबाट सम्बन्धित शिक्षकको कक्षा अवलोकन तथा शिक्षकले सम्पन्न गरेका परियोजना कार्यहरुको मूल्यांकन गरी अगुवा स्रोतकेन्द्रमा प्रतिवेदन पेश गर्ने गरेको पाइयो । परामर्शदाताहरुको प्रतिवेदनको ढाँचा अनुसूची २ मा प्रस्तुत गरिएको छ ।

### ४.१.६ शिक्षण सुधार योजना निर्माण र कार्यान्वयन

स्वाध्ययन अभ्यास चरणमा शिक्षकले आफुले शिक्षण गरेको विषयको शिक्षणमा आफुले सुधार गर्ने क्षेत्र र सोबाट आउने नतिजामुलक परिवर्तन सहितको योजना निर्माण गरी आफ्नो कार्यकक्षमा, प्रधानाध्यापकको कार्यकक्षमा तथा विद्यार्थीले देख्ने गरी अर्को १ ठाउँमा राख्नुपर्ने प्रक्रियागत व्यवस्था भएकोमा अधिकांश शिक्षकहरुको शिक्षण सुधार योजना नै निर्माण

नभएको पाइयो । यसका साथै निर्माण भएको शिक्षण सुधार योजनाको आवधिक रुपमा समीक्षा गरी सोको प्रतिवेदन अगुवा स्रोतकेन्द्रमा बुझाउनुपर्नेमा सो कार्य नभएको पाइयो ।

## ४.२ शिक्षकको पेशागत विकास कार्यक्रमको कार्यान्वयनको प्रभावकारिता अवस्था

शिक्षकको पेशागत विकास कार्यक्रम मागमा आधारित तालिम कार्यक्रम हो । शिक्षकका पेशागत मागहरु नै तालिम कार्यक्रमका विषयवस्तु हुन । प्रमाणीकरण तालिम कार्यक्रम भएकोले तालिम प्रमाणपत्र प्राप्त गर्न शिक्षकले पेश गरेका पेशागत समस्यामा केन्द्रीत भई कार्यक्रमको कार्यान्वयन गर्ने सन्दर्भमा यसले तोकिएका प्रक्रियाहरु पुरा गर्नुपर्दछ । यसका साथै कार्यक्रमको वास्तविक प्रभावकारिता तालिम कार्यक्रम पश्चात विद्यार्थीको उपलब्धीमा आउने सकारात्मक परिवर्तन र सरोकारवालाहरुका समस्या समाधानमा यसको भुमीका कस्तो रह्यो भन्ने विषयले  टुगो लगाउने भएकोले  प्रभावकारिता अध्ययनका सन्दर्भमा शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिकासँगको तालमेल, यसले विद्यार्थीको सिकाइ उपलब्धीमा पारेको प्रभाव, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन र शिक्षण विधि प्रयोगमा आएको परिवर्तन तथा सम्बन्धित सरोकारवालाहरुको प्रतिक्रियाको बिश्लेषण गरिएको छ ।

### ४.२.१ शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका र कार्यक्रम कार्यान्वयनको अवस्था

शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका (२०६६) अनुसार हरेक शिक्षकले तोकिएको समयावधि भित्र आफ्ना शैक्षणिक समस्याहरुको सारांश विषयगत रुपमा तयार गरी प्रधानाध्यापक समक्ष पेश गर्नुपर्ने, प्रधानाध्यापक समक्ष आवश्यकताहरुको प्रस्तुतीकरण भइसकेपछि निजको वास्तविक शैक्षणिक समस्या हो वा होइन भनी स्टाफ बैठक, सम्बन्धित शिक्षकको कक्षा अवलोकन वा विद्यार्थीहरुसँग अन्तर्क्रिया गरी आवश्यकताको प्रमाणिकरण गर्नुपर्ने र प्रमाणिकरण भएका आवश्यकता प्रस्तावहरुको सारांश र विद्यालयले महसुस गरेका आवश्यकताहरु समेत समावेश गरेर विद्यालयगत आवश्यकताको प्रस्ताव तयार गरी तोकिएको समयभित्र माध्यमिक तहको हकमा सम्बन्धित अगुवा स्रोतकेन्द्रमा बुझाउनुपर्ने व्यवस्था छ । नमुनामा परेका दुइवटा विद्यालयहरुको आवश्यकता प्रस्ताव तयारीको प्रक्रिया अध्ययन गर्दा सम्बन्धित शिक्षकले जि.शि.का. बाट तालिम कार्यशालाको मिति तय भएपछि

मात्र आवश्यकताको प्रस्ताव प्रधानाध्यापक समक्ष पेश गरेको पाइयो । यसका साथै शिक्षकहरुबाट पेश भएका आवश्यकताहरु वास्तविक हुन वा होइनन् भनी प्रधानाध्यापकबाट प्रमाणिकरणको कुनै पनि कार्य गरेको पाइएन । प्रमाणिकरण नगरी सम्बन्धित अगुवा स्रोतकेन्द्रमा बुझाएको पाइयो । अगुवा स्रोतकेन्द्रमा आवश्यकताको प्रस्ताव विद्यालयको तर्फबाट पेश हुनुपर्नेमा विद्यालयको छाप समेत नभएका प्रस्तावहरु भेटिए । यसबाट शिक्षकका शैक्षणिक कार्यसँग सम्बन्धित आवश्यकताहरु वास्तविकतामा आधारित भए नभएको पुष्टी हुन सकेन ।

शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका (२०६६) अनुसार विद्यालयहरुबाट विद्यालयगत आवश्यकताको प्रस्ताव प्राप्त भएपछि तिनको आवश्यकता प्रमाणिकरणका लागि सम्बन्धित अगुवा स्रोतकेन्द्रका रोष्टर प्रशिक्षकहरुले १० देखि १५ प्रतिशत शिक्षकहरु कार्यरत रहेको विद्यालयको स्थलगत भ्रमण गरी आवश्यकताको प्रमाणिकरण गर्नुपर्ने व्यवस्था छ । तर विद्यालयहरुबाट प्रस्ताव प्राप्त भएपछि अगुवा स्रोतकेन्द्रको तर्फबाट ती अवश्यकताको प्रमाणिकरणको लागि कुनै प्रक्रिया सञ्चालन गरेको पाइएन ।

शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका(२०६६) का अनुसार प्रमाणिकरण भएका आवश्यकताहरुलाई समुहीकृत गरी बढी भार भएका शीर्षक समूहका लागि बढी सत्रहरु छुट्याई तालिम कार्यशाला सञ्चालन गर्नुपर्ने व्यवस्था छ । तर आवश्यकताको प्रस्ताव र तालिम सामग्रीको तुलना गर्दा शीर्षक समूहको भार र सत्र संख्याबीच तादाम्यता कायम भएको पाइदैन ।

तालिम सामग्रीहरुमा माग भएका आवश्यकताहरुसँग सम्बन्धित विषयवस्तुको अपर्याप्तता रहेको पाइन्छ ।

स्वाध्ययन अभ्यास खण्डका लागि तोकिएको शिक्षण सुधार योजना, कार्यमूलक अनुसन्धान तथा परियोजना कार्यहरुको बाँडफाँडको अवस्था राम्रो रहेको पाइन्छ ।

कार्यान्वयन पुस्तिका (२०६६) ले स्वाध्ययन अभ्यास चरणका सम्पन्न गरेका कार्यहरु तथा तालिम कार्यशालामा सम्बोधन हुन नसकेका विषयहरुमा सम्बन्धित शिक्षक कार्यरत विद्यालयमा नै बिशेषज्ञहरु पुगेर प्रधानाध्यापक, वि.व्य.स. तथा सम्बन्धित शिक्षकहरु समेतको संलग्नतामा बैठक गर्नुपर्ने र सम्बन्धित शिक्षकको कक्षा अवलोकन गरी पृष्ठपोषण

प्रदान गर्नुपर्ने व्यवस्था छ । सोही अनुसार नमुनामा परेका शिक्षकहरुको शैक्षणिक परामर्शको कार्य सम्पन्न गरी प्रतिवेदन अगुवा स्रोतकेन्द्रमा पेश भएको पाइयो ।

प्रत्येक चरणको दश दिनको कार्यक्रम पुरा गर्ने शिक्षकलाई चरण समाप्तिको प्रमाणपत्र प्रदान गर्नुपर्नेमा प्रमाणपत्र प्रदान गरेको पाइएन ।

शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका (२०६६) र कार्यक्रम कार्यान्वयनको वर्तमान अवस्था बिश्लेषण गर्दा परम्परागत रुपमा गरिल्याएका आफ्ना आनीबानी तथा कार्य प्रक्रियामा पूर्ण रुपमा सुधार नआएको देखिन्छ । यसबाट टेलरले वैज्ञानिक व्यवस्थापनको सिद्धान्तमा उल्लेख भए अनुरुप परम्परागत शैलीमा आधारित भई काम गर्ने चलनको सट्टा सुव्यवस्थित, तर्कपूर्ण र न्यायोचित तरीकाले विधिवत रुपमा काम गरिनुपर्दछ भन्ने विषय सान्दर्भिक देखिन्छ ।

### ४.२.२ शिक्षकको पेशागत विकास कार्यक्रमले सिकाइ उपलब्धीमा पारेको प्रभाव

नमुनामा परेका विद्यालयहरुको माध्यमिक तहको शै.स. २०६९ र २०७० को कक्षागत तथा विषयगत सिकाइ उपलब्धीको तुलनात्मक अध्ययन गरिएको थियो । उक्त विद्यालयहरुका शिक्षकहरु आ.व. २०७०।७१ मा अगुवा स्रोतकेन्द्र म्याङलुङले सञ्चालन गरेको शिक्षकको पेशागत विकास कार्यक्रममा सहभागी हुनु अघि र सहभागी भइसकेपछिको विद्यार्थी सिकाइ उपलब्धी देहाय अनुसार रहेको पाइयो ।

तालिका नं. २ माध्यमिक तहको विषयगत सिकाइ उपलब्धी

| विद्यालय / शैक्षिक सत्र | माध्यमिक तहको विषयगत औषत सिकाइ उपलब्धी | | | | | |
|---|---|---|---|---|---|---|
| | नेपाली | अंग्रेजी | गणित | सामाजिक | विज्ञान | जम्मा |
| सरस्वती मा.वि. तम्फूला | | | | | | |
| शैक्षिक सत्र २०६९ | ३९.५० | २४.५० | २६.५० | ३९.५० | ३३.०० | ३४.४२ |
| शैक्षिक सत्र २०७० | ३४.७५ | ३०.०० | १८.७५ | ३६.०० | ४०.७५ | ३५.७१ |
| सिंहवाहिनी उ.मा.वि. म्याङलुङ | | | | | | |
| शैक्षिक सत्र २०६९ | ४५.०० | ४०.५० | ५१.५० | ३६.२५ | ५०.२५ | ४४.७० |
| शैक्षिक सत्र २०७० | ५२.५० | ४०.५० | २८.५० | ४१.०० | ४८.५० | ४४.९२ |

स्रोत :शैक्षिक तथ्यांक २०६९ र २०७०: तेह्रथुम ।

नमुना छनौटमा परेका दुई माध्यमिक विद्यालयहरु श्री सरस्वती मा.वि. तम्फूला र श्री सिंहवाहिनी उ.मा.वि. म्याङलुङको शै.स. २०६९ र २०७० को माध्यमिक तहका ५ वटा अनिवार्य विषयहरुको औषत सिकाइ उपलब्धीको अध्ययन तथा बिश्लेषण निम्न अनुसार प्रस्तुत गरिएको छ ।

सरस्वती मा.वि. तम्फूलाको दुई वर्षको औषत सिकाइ उपलब्धीलाई हेर्दा नेपाली, गणित र सामाजिक विषयमा उपलब्धी ह्रास भएको र अंग्रेजी र विज्ञानमा वृद्धि भएको देखिन्छ । साथै समग्र तहगत सिकाइ उपलब्धी थोरै मात्रामा वृद्धि भएको देखिन्छ ।

सिंहवाहिनी उ.मा.वि. म्याङलुङको दुई वर्षको औषत सिकाइ उपलब्धीलाई हेर्दा गणित र विज्ञान विषयमा उपलब्धीमा ह्रास आएको तथा नेपाली र सामाजिक विषयमा सिकाइ उपलब्धी वृद्धि भएको देखिन्छ । अंग्रेजी विषयको सिकाइ उपलब्धी भने दुई वर्षको नै समान रहेको छ ।

सिकाइ उपलब्धीको तुलनात्मक बिश्लेषण गर्दा दुबै विद्यालयहरुमा शिक्षकको पेशागत विकास कार्यक्रममा सहभागी भइसकेपछि ६० प्रतिशत विषयहरुमा सिकाइ उपलब्धी वृद्धिको साटो ह्रास भएको देखिन्छ । वृद्धि भएका ४० प्रतिशत विषयहरुमा पनि अत्यन्त झिनो मात्रामा वृद्धि भएको पाइन्छ ।

यसबाट शिक्षकको पेशागत विकास कार्यक्रममा प्रस्तुत भएका विषयवस्तुहरु कक्षाकोठाको समस्या समाधानमा प्रभावकारी हुन नसकेको निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.२.३. शिक्षकको पेशागत विकास कार्यक्रमले कक्षाकोठा क्रियाकलापमा परेको प्रभाव :

नमुना छनौटमा परेका श्री सिंहवाहिनी उ.मा.वि. म्याङलुङ र सरस्वती मा.वि. तम्फूलाका ११ जना शिक्षकहरुको कक्षाकोठा शिक्षणको अवलोकन निश्चित फाराम तयार गरी सोका आधारमा गरियो । कक्षाकोठा अवलोकन फाराम तथा कक्षाकोठा क्रियाकलापको अवस्था अनुसूची ७ मा राखिएको छ ।

नमुना छनौटमा परेका दुई माध्यमिक विद्यालयहरु श्री सरस्वती मा.वि. तम्फूला र श्री सिंहवाहिनी उ.मा.वि. म्याङलुङका १।१ जना शिक्षकहरुको कक्षाकोठा अवलोकनबाट प्राप्त अवस्थाको अध्ययन तथा विश्लेषण निम्न अनुसार प्रस्तुत गरिएको छ ।

विषयवस्तुको ज्ञानमा एउटा सिंहवाहिनी उ.मा.वि. म्याङलुङका शिक्षकको अवस्था अत्युत्तम पाइयो भने सरस्वती मा.वि. तम्फूलाका शिक्षकको अवस्था उत्तम रहेको पाइयो ।

कक्षाकोठामा प्रवेश गरिसकेपछि पाठ शुरु गर्नुभन्दा अघि र पाठको बीचबीचमा विद्यार्थीलाई उत्प्रेरित गराउने किसिमका क्रियाकलापहरु भएको पाइएन । विषयवस्तुप्रति आकर्षित गर्ने क्रियाकलापहरुका माध्यमबाट शिक्षण सिकाइ सञ्चालन गर्ने आधुनिक अवधारणाको अबलम्बन खासै गरेको पाइएन ।

शैक्षिक सामग्रीका रुपमा चक र डस्टर बाहेकका सामग्रीको प्रयोग भएको पाइएन । यसले परम्परागत शिक्षक केन्द्रीत क्रियाकलापमा कुनै कमी आएको पाइएन । विद्यार्थीहरुलाई निष्कृय स्रोताका रुपमा मात्र हेरिएको अवस्था पाइयो ।

निर्माणात्मक मूल्यांकनका रुपमा बीचबीचमा प्रश्नहरु सोध्ने र उपचारात्मक उपायहरु अबलम्बन गरेको पाइयो ।

यसरी हेर्दा परम्परागत विधि, तरीका र शैलीमा परिवर्तन ल्याई आधुनिक शिक्षण विधिको प्रयोग गरी सार्थक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने गराउने उद्देश्य तालिम कार्यक्रमले राखेको भए पनि व्यवहारमा तालिम कार्यक्रमबाट कुनै परिवर्तन हुन नसकेको प्रष्ट हुन्छ ।

### ४.२.४ शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयन प्रतिको धारणा विश्लेषण

तेह्रथुम जिल्लामा  शिक्षकको पेशागत विकास कार्यक्रमको प्रभावकारिता कस्तो रहेको छ भन्ने सम्बन्धमा अध्ययन गर्नका लागि नमूना छनौटका २ वटा सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु, छनौटमा परेका प्रत्येक विद्यालयका ३/३ जना जना शिक्षकहरु तालिम समन्वय समिति तेह्रथुमका पदाधिकारीहरुमध्ये ५ जनालाई छुट्टाछुट्टै रुपमा तयार

गरिएको विषयगत प्रश्नावलीमार्फत प्रतिक्रिया सङ्कलन गरिएको थियो । निजहरुबाट प्राप्त प्रतिक्रिया निम्न अनुसार प्रस्तुत गरिएको छ ।

तालिका नं. ३ सरोकारवालाहरुको प्रतिक्रियाको विवरण

| **विषय → सरोकारवाला ↓** | **आवश्यकता मागका सम्बन्धमा** | **आवश्यकता परीक्षणका सम्बन्धमा** | **तालिम सामग्रीका सम्बन्धमा** | **तालिम कार्यशालाका सम्बन्धमा** | **शैक्षणिक परामर्शका सम्बन्धमा** | **पेशागत विकासमा पुगेको सहयोगका सम्बन्धमा** |
|---|---|---|---|---|---|---|
| प्र.अ. | शिक्षकबाट स्वतस्फूर्त रुपमा पेश भएका छैनन् | परीक्षण गरिएको छैन | पेश गरेका आवश्यकतासँग सम्बन्धित विषयवस्तु संयोजन गरिएको | कोटा अनुसारका सहभागी तोक्ने गरिएको | परामर्शदाताहरु विद्यालयको भ्रमण गरेर परामर्श दिने गरेको | आंशिक रुपमा सहयोग पुगेको |
| सहभागी शिक्षक | प्र.अ.बाट माग भएपछि पेश गर्ने गरिएको | परीक्षणका लागि आफ्ना कक्षा अवलोकन नगरिएको | माग भएका विषयवस्तु आंशिक रुपमा समेटिएको | विषयवस्तुका लागि थोरै सत्रहरु विभाजन भएको | परामर्शदाताहरु विद्यालयमा भ्रमण गरेर परियोजना कार्य मूल्यांकन, बैठक सञ्चालन र कक्षा अवलोकन गरेको | आंशिक रुपमा सहयोग पुगेको |
| तालिम समन्वय समितिका पदाधिकारी | शिक्षकहरुले वास्तविक शैक्षणिक समस्याहरु पेश नगरेका | प्रमाणिकरण गर्ने गरिएको छैन | माग भए अनुसारका विषयवस्तु समेटेर सम्बन्धित विषयका रोष्टर प्रशिक्षकले तालिम सामग्री निर्माण गर्ने गरेका | तालिम सामग्रीमा आधारित भएर कार्यशाााला सञ्चालन गरिएको | परामर्शदाता सम्बन्धित शिक्षक कार्यरत विद्यालयमा पुगेर सञ्चालन गर्ने गरिएको | आंशिक रुपमा |

स्रोत :स्थलगत सर्वेक्षण,२०७२

### ४.२.४.१. प्रधानाध्यापकहरुको धारणा

नमूना छनौटमा परेका २ वटा विद्यालयहरुका २ जना प्रधानाध्यापकहरुलाई शिक्षकको पेशागत विकासमा यसको भूमिका, शिक्षकहरुबाट पेश भएका आवश्यकताहरुको कक्षाकोठाको समस्यासँगको तालमेल, आवश्यकताको वास्तविकताको परीक्षण, आवश्यकताको प्रस्तुतीकरणमा शिक्षकको उत्सुकता तथा जागरुकता, विद्यालयगत आवश्यकताको प्रस्ताव तयारी, तालिम सीपको कक्षाकोठामा प्रयोगको अवस्था, शिक्षकबाट शिक्षण सुधार योजना तयारी तथा कार्यान्वयनको अवस्था, शैक्षणिक परामर्श सञ्चालनको अवस्था, परामर्श चरणको छलफलका प्रस्तावहरु र शिक्षकका आवश्यकताको तालमेल, तालिम पश्चात सिकाइ उपलब्धीमा आएको सुधार तथा समग्र कार्यक्रमको प्रभावकारिताका सम्बन्धमा विभिन्न १० वटा संक्षिप्त उत्तरात्मक विषयगत प्रश्नहरु रहेको प्रश्नावली बनाई राय, सुझाव तथा प्रतिक्रिया सङ्कलन गरिएकोमा उनीहरुबाबट प्राप्त प्रत्युत्तर निम्न अनुसार रहेको पाइयो ।

शिक्षक पेशागत विकासका लागि यो कार्यक्रम कति महत्वपूर्ण छ भनी सोधिएको प्रश्नको उत्तरमा दुवै जना अर्थात १०० % ले सतप्रतिशत उपलब्धिमूलक रहेको छ भन्ने प्रतिक्रिया दिइएको पाइयो , यस प्रतिक्रियालाई हेर्दा शिक्षकको पेशागत विकासका लागि यो कार्यक्रमले महत्वपूर्ण भूमिका निर्वाह गर्ने निकर्ष्ष निकाल्न सकिन्छ ।

शिक्षकहरुबाट आवश्यकताको प्रस्ताव पेश भएपछि ती आवश्यकताको वास्तविकता परीक्षण कसरी गर्ने गर्नुभएको छ भनी सोधिएको प्रश्नमा दुवै जना अर्थात १०० प्रतिशतले वास्तविकता परीक्षण गर्ने गरिएको छैन भन्ने जवाफ दिएको पाइयो । यस प्रतिक्रियाको आधारमा शिक्षकको आवश्यकतालाई कक्षाकोठाको शिक्षण सिकाइसँग तालमेल गराउने प्रयत्न नभएको निष्कर्ष निकाल्न सकिन्छ ।

आवश्यकताको प्रस्ताव शिक्षकहरुबाट स्वतस्फूर्त रुपमा पेश छन् कि यहाँहरुबाट पेश गर्न लगाइएका छन् भनी सोधिएको प्रश्नमा शिक्षा कार्यालयबाट माग गरेपछि आफूहरुले शिक्षकहरुलाई आवश्यकता प्रस्ताव पेश गर्न लगाउने गरेको प्रतिक्रिया प्राप्त भयो । यसबाट

शिक्षकहरुबाट समस्याहरु स्वतस्फूर्त रुपमा पेश नगरेको र तालिम कार्यक्रम सञ्चानार्थ कार्यालयको निर्देशनमा पेश भएको देखिन्छ ।

सबै शिक्षकहरुले आवश्यकताको प्रस्ताव पेश गर्ने गरेका छन् भनी सोधिएको प्रश्नमा दुबै जनाबाट सतप्रतिशतले प्रस्ताव पेश गर्ने नगरेको जवाफ दिइएको पाइयो । यसबाट सबै शिक्षकहरुबाट आवश्यकताको प्रस्ताव नै पेश नहुने गरेको निष्कर्षमा पुग्न सकिन्छ ।

विद्यालयले महसुस गरेका आवश्यकताहरु कसरी समावेश गर्ने गर्नुभएको छ भन्ने प्रश्नको जवाफमा दुबै जना अर्थात १०० प्रतिशत प्र.अ.हरुबाट सम्बन्धित शिक्षकको शिक्षण सिकाइसँग सम्बन्धित आवश्यकताको आंकलन प्र.अ.को तर्फबाट गर्ने गरिएको छैन र विद्यालयगत आवश्यकताको प्रस्ताव तयार पार्दा शिक्षकबाट पेश भएका आवश्यकताहरुको सारांश तयार गर्ने गरेको जवाफ प्राप्त भयो । यसबाट शिक्षकले महसुस नगरेका तर प्र.अ.को तर्फबाट महसुस गरिएका आवश्यकताहरु विद्यालयगत प्रस्तावमा समावेश नभएको देखिन्छ ।

तालिम कार्यक्रम पछि तालिममा प्राप्त गरेका सीप कक्षा कोठामा कति प्रयोग भएको पाउनुभएको छ भनी सोधिएको प्रश्नमा १ जना अर्थात ५० प्रतिशतले १५ देखि २० प्रतिशत प्रयोग भएको जवाफ दिएको र १ जना अर्थात ५० प्रतिशतले ३० देखि ४० प्रतिशत प्रयोग भएको जवाफ दिएको पाइयो । यसका आधारमा तालिम कार्यक्रमबाट प्राप्त सीप प्रभावकारी रुपमा कक्षाकोठामा प्रतिबिम्बित नभएको देखिन्छ ।

शिक्षकको पेशागत विकास कार्यक्रममा सहभागी भएका शिक्षकहरुले शिक्षण सुधार योजना तयार गर्नुभएको छ भनी सोधिएको प्रश्नमा २ जना अर्थात १०० प्रतिशतले सहभागी शिक्षकले शिक्षण सुधार योजना तयार गरेको जवाफ दिनुभयो । यसबाट सहभागी शिक्षकहरुले शिक्षण सुधार योजना तयार गर्ने गरेको देखियो ।

सहभागी शिक्षकहरुले तयार गरेको शिक्षण सुधार योजनाको समीक्षा तथा मूल्यांकन गर्ने गर्नुभएको छ भनी सोधिएको प्रश्नमा २ जना अर्थात १०० प्रतिशतले नै समीक्षा तथा मूल्यांकन नभएको जवाफ दिएकोले शिक्षकले शिक्षण सुधारका लागि पेश गरेका सूचक तथा तिनको प्राप्तिका सम्बन्धमा भएको प्रगतिको कुनै लेखाजोखा नै नभएको देखियो ।

परामर्श चरणमा भएको छलफल तथा अन्तर्क्रिया शिक्षकको आवश्यकतासँग कति सम्बन्धित भएको पाउनुभएको छ भनी सोधिएको प्रश्नमा २ जना अर्थात १०० प्रतिशतले

शिक्षकले प्रस्तुत गरेका प्रस्ताव मै केन्द्रीत रहने गरेको जवाफ दिएको पाइयो । यसबाट शैक्षणिक परामर्श शिक्षण सिकाइका प्रस्तावमा नै केन्द्रीत रहेर सञ्चालन भएको निष्कर्ष निकाल्न सकिन्छ ।

तालिम कार्यक्रममा सहभागी भएपछि सम्बन्धित शिक्षकले शिक्षण गर्ने विषयको सिकाइ उपलब्धीमा सुधार भएको छ भनी सोधिएको प्रश्नमा दुबै जना (१०० प्रतिशत) बाट सुधार हुन नसकेको जवाफ प्राप्त भयो । यसबाट तालिम कार्यक्रमले कक्षाकोठाको सिकाइलाई प्रभावकारी बनाउन नसकेको देखिन्छ ।

समग्र कार्यत्रक्रमको प्रभावकारिताका विषयमा तपाईंको प्रतिक्रिया के छ भनी सोधिएको प्रश्नमा प्राप्त भएका प्रतिक्रियाहरु निम्नानुसार रहेका छन् :

शिक्षकहरुबाट समस्या समाधानको माग नै नहुनु मूल समस्या हो । पेश भएका आवश्यकताहरु पनि स्वतस्फूर्त रुपमा आएका छैनन् । तालिम कार्यक्रमको समयावधि छोटो छ । तालिममा प्राप्त गरेका सीपको कक्षाकोठामा प्रयोग न्यून रुपमा मात्र भएको छ ।

### ४.२.४.२. सहभागी शिक्षकहरुको धारणा

नमूना छनौटमा परेको २ वटा विद्यालयका यस अघि शिक्षकको पेशागत विकास कार्यक्रममा सहभागी भइसकेका शिक्षकहरुमध्ये प्रति विद्यालय ३ जनाको दरले ६ जनालाई प्र.अ. समक्ष पेश गर्ने गरिएका आवश्यकताहरुको प्रकृति, तालिम कार्यक्रमले कक्षाकोठाका समस्या समाधान गर्न पुऱ्याएको सहयोग, तालिम पुस्तिकामा समावेश भएका विषयवस्तु र आवश्यकताको तालमेल, स्वाध्ययन अभ्यासमा सम्पन्न भएका परियोजना कार्यहरु, ती परियोजना कार्यहरुको मूल्यांकन, परामर्श चरणको बैठकमा सहभागी शिक्षकको सहभागिता तथा सक्रियता, परामर्शबाट कक्षाकोठाको समस्या समाधानमा पुगेको सहयोग,कार्यक्रमले शिक्षण सिकाइमा पुऱ्याएको सहयोग जस्ता विषयवस्तुमा केन्द्रित भई तयार गरिएका १० वटा संक्षिप्त उत्तर आउने खालका प्रश्नावली मार्फत राय, सुझाव र प्रतिक्रिया सङ्कलन गरिएकोमा प्राप्त राय, सुझाव र प्रतिक्रियाहरु निम्नानुसार रहेको पाइयो ।

शिक्षकको पेशागत विकास कार्यक्रमले शिक्षकको पेशागत विकासमा कतिको सहयोग पुऱ्याएको महसुस गर्नुभएको छ भनी सोधिएको प्रश्नमा ४ जना अर्थात ६६.६६ प्रतिशतले

सैद्धान्तिक रुपमा राम्रो भएतापनि व्यवहारिक रुपमा खासै सहयोग गर्न नसकेको जवाफ दिएको र २ जना अर्थात ३३.३३ प्रतिशतले महत्वपूर्ण छ भन्ने जवाफ दिएका थिए । यसबाट सैद्धान्तिक कार्यक्रमको सैद्धान्तिक पक्ष राम्रो रहे पनि व्यवहारमा शिक्षकको पेशागत विकासमा खासै महत्वपूर्ण भूमीका निर्वाह गर्न नसकेको प्रष्ट हुन्छ ।

तपाई सहभागी हुनुभएको शिक्षकको पेशागत विकास कार्यक्रमले तपाईंको कक्षाकोठा शिक्षणसँग सम्बन्धित समस्याहरु समाधान गर्न कति सहयोग पुऱ्याएको महसुस गर्नुभयो भनी सोधिएको प्रश्नमा ६ जना अर्थात १०० प्रतिशतबाट पूर्ण रुपमा समस्याहरुको समाधान नगरेको जवाफ प्राप्त भएको थियो ।

तालिम कार्यक्रममा प्रयोग भएको तालिम सामग्री पुस्तिकामा समावेश भएका विषयवस्तुले तपाईंले प्रस्तुत गरेको पेशागत आवश्यकतालाई सम्बोधन गरेको थियो भनी सोधिएको प्रश्नमा ३ जना अर्थात ५० प्रतिशतबाट केही विषयवस्तु समावेश भएको तर छलफलको लागि थोरै समय भएकोले पूर्ण रुपमा समाधान नगरेको जवाफ प्राप्त भयो । बाँकी ३ जना अर्थात ५० प्रतिशतले आफूले लेखेर दिएका समस्यासँग सम्बन्धित विषयवस्तु भएतापनि कक्षाकोठामा पर्ने समस्यालाई चाहीं सम्बोधन नगरेको जवाफ दिए । यसबाट सम्बन्धित शिक्षकका वास्तविक शैक्षणिक समस्यालाई पूर्ण रुपमा तालिम सामग्रीले सम्बोधन नगरेको निष्कर्ष निकाल्न सकिन्छ ।

कार्यशाला पछि स्वाध्ययन अभ्यास अन्तर्गत तपाईंका लागि केही कार्य सम्पन्न गर्ने जिम्मेवारी दिइएको थियो भनी सोधिएको प्रश्नमा ६ जना अर्थात शतप्रतिशतबाट शिक्षण सुधार योजना निर्माण, कार्यमूलक अनुसन्धान र शिक्षण सिकाइसँग सम्बन्धित कुनै एउटा परियोजना कार्य गर्ने जिम्मेवारी पाएको जवाफ प्राप्त भएको थियो । यसबाट स्वाध्ययन अभ्यास खण्डका लागि परियोजना कार्य तोक्ने गरिएको देखिन्छ ।

शैक्षणिक परामर्शमा उक्त परियोजना कार्यको मूल्यांकन भयो भनी सोधिएको प्रश्नमा ६ जना अर्थात १०० प्रतिशतबाट नै मूल्यांकन हुने गरेको भन्ने जवाफ प्राप्त भएको थियो ।

शैक्षणिक परामर्श अन्तर्गत सञ्चालित बैठकमा तपाईंले पेश गर्नुभएका विषयमाथि छलफल भयो भनी सोधिएको प्रश्नमा ६ जना अर्थात शत प्रतिशतबाट नै आफूले पेश गरेका विषयमाथि छलफल भएको जवाफ प्राप्त भएको थियो ।

छलफल र अन्तर्क्रियाबाट तपाईंलाई कक्षाकोठा शिक्षणमा सहयोग पुगेको महसुस गर्नुभएको छ भनी सोधिएको प्रश्नमा २ जना अर्थात ३३.३३ प्रतिशतले आंशिक सहयोग मिलेको जवाफ दिएका थिए भने ४ जना अर्थात ६६.६६ प्रतिशतले वि.व्य.स. का पदाधिकारीहरु समेत संलग्न भएको बैठकमा कक्षा शिक्षणका लागि उपयोगी सामग्रीहरुको आवश्यकता दर्शाउँदा तिनको परिपूर्तीमा महत्वपूर्ण सहयोग मिलेको जवाफ दिएका थिए । यसबाट परामर्श खण्डमा सम्पन्न भएको बैठकले शिक्षकका समस्या समाधानमा सहयोग पुऱ्याएको देखिन्छ ।

समग्रतामा यो कार्यक्रम तपाईंलाई पेशागत रुपमा सबल बनाउन कतिको सफल रह्यो भनी सोधिएको प्रश्नमा ६ जना अर्थात शत प्रतिशतले केही समस्याहरु समाधान भएको तर यो कार्यक्रम सञ्चालन नभएकै भएपनि ती समस्याहरुको समाधान अन्य तरीकाबाट गर्न सकिन्थ्यो । पेशागत रुपमै सबल बनाउने गरी उल्लेखनीय सहयोग प्राप्त हुन नसकेको जवाफ प्राप्त भयो । यसबाट पेशागत रुपमा शिक्षकलाई सबल बनाउन उल्लेखनीय सहयोग पुग्न नसकेको निष्कर्ष निकाल्न सकिन्छ ।

**४.२.४.३ तालिम समन्वय समिति, तेह्रथुमका पदाधिकारीहरुको धारणा**

तालिम समन्वय समिति, तेह्रथुमका १० जना मध्ये नमुना छनौटमा परेका ५ जना पदाधिकारीहरुसँग शिक्षकको पेशागत विकास कार्यक्रमका सम्बन्धमा विभिन्न १५ वटा प्रश्नावली तयार पारी राय प्रतिक्रिया संकलन गरिएको थियो । प्राप्त प्रश्नावलीको विश्लेषण गर्दा वहाँहरुका निम्न अनुसारका राय, सुझाव तथा प्रतिक्रियाहरु रहेको पाइयो ।

तालिम समन्वय समितिको बैठक वर्षमा कति पटक बस्ने गरेको छ भनी सोधिएको प्रश्नमा ५ जना अर्थात शत प्रतिशतबाट ५ पटक बस्ने गरेको जवाफ प्राप्त भएको थियो ।

बैठकमा के के विषयमा छलफल हुने गरेको छ भनी सोधिएको प्रश्नमा ५ जना अर्थात शत प्रतिशतबाट नै वार्षिक बजेट बाँडफाँड,तालिम कार्यक्रमको कोटा वितरण, तालिम सामग्री स्वीकृत गर्ने, शैक्षणिक परामर्शका लागि परामर्शदाता तोक्ने र कार्यक्रमको समीक्षा गर्ने विषयमा छलफल हुने गरेको जवाफ पाइयो ।

सबै विद्यालयहरुबाट सबै शिक्षकको आवश्यकताको प्रस्ताव समय मै प्राप्त हुने गरेको छ भनी सोधिएको प्रश्नमा करीब २५ प्रतिशत विद्यालयबाट मात्र माग प्राप्त हुने गरेको

र त्यो पनि कार्यालयबाट कार्यक्रम सञ्चालनार्थ ताकेता गरेपछि मात्र प्राप्त हुने गरेको भनी ५ जना अर्थात शत प्रतिशतबाट जवाफ प्राप्त भएको थियो । यसबाट अधिकांश शिक्षकहरुले आफ्ना पेशागत समस्या नै प्रस्तुत नगरेको यथार्थ छर्लङ्ग हुन्छ ।

आवश्यकताको प्रस्ताव पेश नगर्ने शिक्षकहरुलाई तालिम कार्यक्रममा सहभागी गराउनुभएको छ कि छैन भनी सोधिएको प्रश्नमा ५ जना अर्थात शत प्रतिशतबाट नै कोटा अनुसारका शिक्षकहरु सहभागी गराउने गरेको जवाफ प्राप्त भएको थियो । यसबाट शिक्षकले आफ्नै आवश्यकतामा आधारित तालिम कार्यक्रम नलिएको र अन्य शिक्षकबाट पेश भएका वा प्रशिक्षकबाट अनुमान गरिएका आवश्यकतामा आधारित तालिम सञ्चालन भइरहेको निष्कर्ष निकाल्न सकिन्छ ।

प्राप्त भएका आवश्यकताका प्रस्तावहरुको वास्तविकता कसरी परीक्षण गर्ने गर्नुभएको छ भनी सोधिएको प्रश्नमा ५ जनाबाट नै अगुवा स्रोतकेन्द्रको तर्फबाट वास्तविकता परीक्षण गर्ने गरिएको छैन भन्ने जवाफ प्राप्त भएको थियो । यसबाट विद्यालयबाट आएका प्रस्ताव परीक्षण नगरी तालिम सामग्री निर्माण गर्ने गरिएको निष्कर्ष निकाल्न सकिन्छ ।

यो कार्यक्रमले शिक्षण सिकाइमा सुधार ल्याएको महसुस गर्नुभएको छ भनी सोधिएको प्रश्नमा कार्यक्रमले सुधार ल्याउन सक्ने भएपनि शिक्षकहरुबाट कक्षाकोठाका वास्तविक समस्याहरु समाधानमा यस कार्यक्रमलाई उपयोग नगरेको र गर्न नचाहेको जवाफ प्राप्त भएको थियो ।

यो कार्यक्रम सञ्चालनमा देखिएका मुख्य समस्याहरु के देख्नुभएको छ भनी सोधिएको प्रश्नमा २ जना अर्थात ४० प्रतिशतले यो कार्यक्रमलाई शिक्षकबाट पेशागत दक्षता हासिल गर्न सहयोग पुऱ्याउने कार्यक्रमको रुपमा ग्रहण नै नगर्नु नै यसको प्रमुख समस्या हो भन्ने जवाफ प्राप्त भएको थियो । २ जना अर्थात अर्को ४० प्रतिशतबाट तालिम कार्यक्रम राम्ररी नै सञ्चालन भएपनि कक्षाकोठामा तालिमबाट प्राप्त सीप तथा क्षमताको प्रयोग हुन नसक्नु नै यसको समस्या रहेको भन्ने जवाफ प्राप्त भएको थियो । बाँकी १ जना अर्थात २० प्रतिशतबाट समयमा शिक्षा विभागबाट बजेट खर्च गर्ने अख्तियारी प्राप्त नहुने हुँदा वार्षिक कार्ययोजना अनुसार कार्यान्वयन गर्न समस्या परेको र हतार हतारमा कार्यक्रम सम्पन्न गर्नुपर्ने भएकोले समस्या उत्पन्न भएको जवाफ प्राप्त भएको थियो ।

कार्यक्रम सञ्चालनार्थ प्राप्त हुने वार्षिक कार्यक्रम तथा बजेट र अख्तियारी समय मै प्राप्त हुने गरेको छ कि छैन भनी सोधिएको प्रश्नमा आर्थिक वर्षको प्रथम चौमासिकको तेश्रो महिनासम्ममा मात्रै कार्यक्रम र अख्तियारी प्राप्त हुने गरेको जवाफ प्राप्त भएको थियो । यसरी अख्तियारी र कार्यक्रममा ढिलाई हुँदा तोकिएको प्रक्रियागत चक्र पुरा गर्नमा समस्या उत्पन्न भएको देखिन्छ ।

शिक्षकको पेशागत विकास कार्यक्रमलाई प्रभावकारी बनाउने उपायहरु के हुन सक्लान् भनी सोधिएको प्रश्नमा निम्नानुसारको जवाफ पाइएको थियो ।

> समयमा बजेट तथा अख्तियारी प्राप्त हुनुपर्ने, शिक्षकहरुले यो कार्यक्रमलाई आफ्नो पेशागत विकासको सहयोगी कार्यक्रमको रुपमा ग्रहण गर्नुपर्ने, यस कार्यक्रमको महत्वका विषयमा सम्पूर्ण शिक्षकहरुलाई अभिमुखीकरण गर्नुपर्ने, सबै शिक्षकलाई कक्षामा परेका समस्याहरुको दैनिक टिपोट गर्न लगाउनुपर्ने, आवश्यकता प्रस्ताव पेश नगर्ने शिक्षकलाई तालिममा सहभागी गराउनु नहुने, यो तालिम कार्यक्रमलाई शिक्षकको बढुवासँग आबद्ध गरिनुपर्ने ।

### ४.२.४.४ सम्बन्धित विद्यार्थीहरुको धारणा

नमुना छनौटमा परेका २ वटा विद्यालयका कक्षा ९ र १० का विद्यार्थीहरुमध्ये गोलाबाट प्रति कक्षा प्रति विद्यालय २ जनाका दरले ८ जना विद्यार्थीहरुसँग शिक्षकको कक्षाकोठा क्रियाकलापका सम्बन्धमा विभिन्न अन्तर्वार्ताका माध्यमबाट प्रतिक्रिया संकलन गरिएको थियो । प्राप्त सूचनाको विश्लेषण गर्दा उनीहरुका निम्न अनुसारका प्रतिक्रियाहरु रहेको पाइयो ।

अघिल्लो वर्ष र अहिलेको सरको कक्षामा सिकाउने तरीका केही परिवर्तन भएको नभएको सम्बन्धमा सोधिएको प्रश्नमा ८ जना अर्थात शत प्रतिशत विद्यार्थीले नै परिवर्तन नभएको जवाफ दिएको पाइयो । यसबाट तालिम कार्यक्रमले शिक्षण शैलीमा कुनै परिवर्तन ल्याउन नसकेको देखिन्छ ।

सरले कक्षाकोठामा प्रवेश गरेपछि सोझै पढाउन शुरु गर्नुहुन्छ कि अघिल्लो दिन पाठको केही कुरा गर्नुहुन्छ भनी सोध्दा हिजो हामीले यो पाठ पढेका थियौं आज यो पाठ पढ्छौं

भनेर शुरु गर्ने गरेको जवाफ ८ जना विद्यार्थीले नै दिएका । यसबाट अघिल्लो दिनको पाठसँग विषयवस्तुमा तालमेल नमिलाई नयाँ विषयवस्तु शुरु गर्ने गरेको पाइयो ।

कक्षामा आउँदा चक डस्टर बाहेक अन्य केही सामान ल्याउनुहुन्छ कि भनेर प्रश्न गर्दा ८ जनाले अर्थात शतप्रतिशतले नै कहिलेकाहीं सामाजिक पढाउने सरले ग्लोब र नक्शा लिएर आउने अरु सरहरुले चक डस्टर मात्र लिएर आउने गरेको बताए । यसबाट शैक्षिक सामग्रीको प्रयोग अत्यन्त न्युन मात्रामा मात्र हुने गरेको देखिन्छ ।

सरहरुले शिक्षण गर्दा अगाडी उभिएर बोलेर सिकाउनुहुन्छ कि तिमीहरुलाई काम गर्न लगाउनुहुन्छ भनी सोधिएको प्रश्नमा पशत प्रतिशत विद्यार्थीहरुले अगाडी उभिएर बोलेर पढाउनुहुन्छ भन्ने जवाफ दिए । यसबाट परम्परागत प्रवचन विधिको प्रयोगमा कमी नआएको प्रष्ट हुन्छ ।

तिमीहरुलाई प्रश्न सोध्ने गर्नुहुन्छ भनी प्रश्न गर्दा पढाइसकेपछि एक दुइवटा प्रश्न सोध्ने गरेको बताए । यसबाट कक्षा शिक्षण पछि मूल्यांकन भएपनि कक्षाकोठा क्रियाकलाप प्रभावकारी बनाउन बीच बीचमा मूल्यांकनको अभाव रहेको देखिन्छ ।

माथि उल्लिखित प्रतिक्रियाहरुको समग्रतामा बिश्लेषण गर्दा तालिम कार्यक्रममा भएको सहभागिताले शिक्षकको कक्षाकोठा शिक्षणका विधि, शैली तथा तरीकामा कुनै परिवर्तन ल्याउन नसकेको निष्कर्ष निकाल्न सकिन्छ ।

## ४.३ शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरु

शिक्षककले कक्षाकोठामा महसुस गरेका शैक्षणिक समस्याको प्रस्तुतीकरण पश्चात सोही प्रस्तुतीकरणका विषयवस्तुलाई समेटेर तयार भएका तालिम सामग्रीका आधारमा तालिम कार्यशाला सञ्चालन गरी कक्षाकोठाको शिक्षण सिकाइमा प्रभावरिता ल्याउनु यस कार्यक्रमको मुल उद्देश्य रहेको छ । यसै सन्दर्भमा अध्ययनका क्रममा प्राप्त तथ्यगत यथार्थताका आधारमा यस कार्यक्रमको कार्यान्वयनमा देखिएका समस्याहरु निम्न अनुसार प्रस्तुत गरिएको छ :

### ४.३.१ शिक्षकका शैक्षणिक समस्या छनौट र प्रस्तुतीकरण

शिक्षकको पेशागत विकास कार्यक्रम शिक्षकद्वारा प्रस्तुत भएका शैक्षणिक समस्याहरुमा केन्द्रीत भएर सञ्चालन हुने कार्यक्रम भएकोले समस्याको प्रस्तुतीकरणले सही रुपमा नभएमा समग्र कार्यक्रमको उद्देश्य प्राप्तिमा नकारात्मक असर पर्दछ । यस सन्दर्भमा

नमुना छनौटमा परेका विद्यालयहरुका शिक्षकहरुले प्रस्तुत गरेको आवश्यकताको प्रस्ताव अध्ययन गर्दा सबै शिक्षकहरु अर्थात १०० प्रतिशत शिक्षकहरुबाट आवश्यकताको प्रस्ताव पेश नहुनु समस्याका रुपमा पाइयो । पेश भएका प्रस्तावहरुमध्ये पनि ३० प्रतिशत आवश्यकताका प्रस्तावहरु शिक्षण सिकाइका क्रममा कक्षाकोठामा आइपरेका समस्या समाधान तर्फ उन्मुख नभई साधन स्रोतको प्राप्ति तर्फ केन्द्रीत रहेको अवस्था देखियो । शिक्षकहरुबाट कक्षा शिक्षणका सन्दर्भमा आइपरेका समस्यामा केन्द्रीत भएर सोको समाधानार्थ आवश्यकता प्रस्ताव स्वतस्फुर्त रुपमा आउनुपर्नेमा सो नभई औपचारिकता पुरा गर्न प्रधानाध्यापकबाट ताकेता भएपछि मात्र पेश हुने गरेको पाइयो । यसका साथै कार्यक्रमले आफ्ना आवश्यकता पुरा गर्नसक्ने विषयमा शिक्षकहरु विश्वस्त हुन नसकेको अवस्था देखियो । शिक्षकले आफ्ना कक्षाकोठाका वास्तविक समस्यामा आधारित भएर आवश्यकताको प्रस्ताव पेश गरेको हो वा होइन भनी प्रधानाध्यापकबाट परीक्षण भएको पाइएन । आवश्यकता प्रस्ताव पेश नगर्ने शिक्षकहरुले अन्य शिक्षकले पेश गरेका तथा प्रशिक्षकले महसुस गरेका आवश्यकतामा आधारित भएर तालिम लिएको अवस्था देखियो ।

### ४.३.२ तालिम कार्यशाला

तालिम कार्यशाला सञ्चालन गर्नका लागि तयार हुने तालिम सामग्री शिक्षकका वास्तविक आवश्यकतामा आधारित भएर तयार हुनुपर्नेमा सबै अर्थात १०० प्रतिशत आवश्यकता प्रस्तावको वास्तविकता परीक्षण नगरिएकै अवस्थाको आवश्यकतालाई आधार मानेर तालिम सामग्री तयार पार्ने गरिएको पाइयो । यसका साथै शिक्षकहरुबाट पेश भएका आवश्यकताका विषयवस्तु भन्दा बाहेकका अन्य विषयवस्तुहरु पनि तालिम सामग्रीमा समावेश गरिएको देखियो । पेशागत आवश्यकता नै पेश नगर्ने शिक्षकलाई पनि तालिम कार्यशालामा समावेश गराएको पाइयो ।  साथै तालिम सामग्रीमा माग भएका विषयवस्तुका लागि थोरै मात्र सत्रहरु विभाजन हुने गरेको ।

### ४.३.३ शैक्षणिक परामर्श

तालिम कार्यशालामा समेट्न नसकिएका आवश्यकताहरुका विषयमा शैक्षणिक परामर्शको चरणमा छलफल गर्न सकिने भएपनि परामर्श चरणमा त्यस किसिमको विषयवस्तुमा

छलफल भएको पाइएन । परामर्श चरणमा शिक्षकले आफ्नो शिक्षणमा सुधार ल्याउने गरी तयार गरेको शिक्षण सुधार योजनाको तयारी अवस्थाको मात्र मूल्यांकन भएको तर प्रगति समीक्षा भएको पाइएन । परामर्शको चरणमा गरिएको कक्षा अवलोकनलाई शिक्षकबाट पेश भएको आवश्यकताको विषयवस्तुसँग आबद्ध गर्न नसकिएको पाइयो ।

### ४.३.४ कार्यक्रमको व्यवस्थापन

शिक्षकको पेशागत विकास कार्यक्रमका लागि जिल्लालाई प्रदान गरिने कोटा कुनै तथ्यलाई आधार नलिई प्रदान गर्ने गरिएको पाइयो । कार्यक्रमको कार्यान्वयनका लागि समयमा वार्षिक बजेट तथा अख्तियारी समयमा प्राप्त हुन नसक्नु अर्को समस्या देखियो । समयमा बजेट र अख्तियारी प्राप्त नहुँदा कार्यक्रम शुरुआत गर्न ढिला भई तोकिएको समयमा तोकिएबमोजिमका क्रियाकलापहरु सञ्चालन नभएको पाइयो जसले गर्दा कतिपय प्रक्रियागत क्रियाकलापहरु सञ्चालन नै नभएको पनि देखियो । यसका साथै कार्यक्रमको अनुगमन प्रभावकारी हुन नसक्दा कार्यान्वयन चरणमै समाधान हुन सक्ने प्रक्रियागत त्रुटीहरु समाधान हुन नसकेको अवस्था पाइयो । तालिम कार्यक्रममा प्राप्त भएका शिक्षण सीपको कक्षाकोठामा प्रयोग नहुनु तथा प्रयोग भए नभएको अनुगमन नहुनु अर्को समस्या रहेको छ । शिक्षकको पेशागत विकास कार्यक्रमलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गर्न नसकिनु पनि कार्यक्रमको प्रभावकारिता कमजोर हुनुको अर्को कारण हो । कार्यक्रम कार्यान्वयनका सन्दर्भमा आवधिक रुपमा समीक्षा नहुनु तथा तालिम सम्पन्न प्रमाण पत्र प्रदान नगरिनु पनि यस कार्यक्रमको व्यवस्थापन सम्बन्धी समस्याका रुपमा रहेको छ ।

## ४.४ शिक्षकको पेशागत विकास कार्यक्रमलाई प्रभावकारी बनाउने उपायहरु

शिक्षण कार्यलाई सार्थक बनाउन शिक्षक स्वयम् जागरुक भई आफ्नो पेशागत सीपमा निखार ल्याउन निरन्तर प्रयत्नशील रहने र सोका लागि आफ्नो कार्यसम्पादनमा आइपरेका समस्याहरुको सही प्रस्तुती गरी समस्याको समाधान गर्ने तथा यो क्रमलाई निरन्तरता दिने तर्फ शिक्षकहरुमा सकारात्मक मनोवृत्तिको विकास गराउन सकेमा यो

कार्यक्रमको कार्यान्वयनमा देखिएका समस्याहरु धेरै मात्रामा समाधान भई कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि हुन सक्दछ ।

जिल्लालाई उपलब्ध गराइने कार्यक्रमको कोटा प्रदान गर्दा जिल्लाबाट तालिम प्राप्त गरिसकेका र प्राप्त गर्न बाँकी शिक्षकहरुको अभिलेख माग गरेर सोका आधारमा वितरण गर्ने व्यवस्था गरिनु पर्दछ । समय मै आवश्यक तयारी गरी कार्यान्वयन निर्देशिकाले तोकेबमोजिमका प्रक्रिया पुरा गराउन जिल्लालाई प्रदान गरिने वार्षिक कार्यक्रम तथा बजेट र अख्तियारी समय मै उपलब्ध गराउनु आवश्यक देखियो । यसका साथै सबै शिक्षकहरुलाई शिक्षकको पेशागत विकास कार्यक्रम र यसले पेशागत दक्षता अभिवृद्धि गर्न पुऱ्याउने सहयोगका विषयमा विश्वस्त बनाउन सघन रुपमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनु अत्यावश्यक भएको पाइयो । शिक्षकहरुलाई दैनिक रुपमा कक्षाकोठा शिक्षणको स्वयम् पुनरावलोकन गर्न लगाई समस्याहरुको टिपोट अनिवार्य रुपमा गर्न लगाइ आवधिक रुपमा प्रधानाध्यापक समक्ष पेश गर्ने व्यवस्था गरिनुपर्दछ । यसरी टिपोट भई पेश भएका समस्याहरुको वास्तविकता परीक्षण गर्न सम्बन्धित प्रधानाध्यापकले कक्षा अवलोकन, विद्यार्थीसँग छलफल अन्तर्क्रिया तथा नतिजा बिश्लेषण मध्ये उपयुक्त ठानिएको उपाय अबलम्बन गरी प्रमाणीकरण गर्ने व्यवस्था गरी प्रमाणीकरण नभई प्राप्त भएका आवश्यकताहरु तालिम स्थलले ग्रहण नगर्ने व्यवस्था कडाइका साथ लागु गर्नुपर्दछ । यसका अतिरिक्त प्रधानाध्यापकबाट तालिम सञ्चालन स्थलमा पेश गरिने आवश्यकताहरुको पनि परीक्षणको उपयुक्त माध्यम अबलम्बन गरी प्रमाणीकरण गरिनुपर्दछ । आवश्यकता प्रस्ताव पेश नगर्ने शिक्षकलाई तालिम कार्यशालामा सहभागी नै गराउनुहुँदैन ।तालिम सामग्री तयार गर्दा बढी शिक्षकहरुबाट माग भएको विषयवस्तुका लागि बढी समय छुट्याउनुपर्ने देखिन्छ ।

स्वाध्ययन अभ्यास खण्डमा तयार गरेको शिक्षण सुधार योजनाको प्रधानाध्यापक, विद्यार्थी, समकक्षी शिक्षक तथा रोष्टर प्रशिक्षकको उपस्थतिमा अनिवार्य रुपमा प्रगति समीक्षा हुनुपर्दछ ।

शैक्षणिक परामर्शको चरणमा तालिम कार्यशालामा सम्बोधन हुन नसकेका शिक्षकका आवश्यकताहरुलाई सम्बोधन हुने गरी विषयवस्तु तय पर्दछ । एक पटकको दश दिने चरण पुरा गरेपछि अनिवार्य रुपमा प्रमाणपत्र जारी गर्नुपर्दछ ।

शिक्षकको पेशागत विकास कार्यक्रमलाई शिक्षकको बढुवा तथा पुरस्कारसँग आबद्ध गरिनुनपर्दछ । यसो भएमा शिक्षकको स्वतस्फूर्त रुपमा यस कार्यक्रममा सहभागिता तथा सक्रियता अभिवृद्धि हुनेछ ।

वार्षिक रुपमा कक्षागत तथा विषयगत विद्यार्थी सिकाइ उपलब्धी बिश्लेषण गरी सिकाइ उपलब्धीमा उल्लेख्य सुधार ल्याउन सफल हुने शिक्षकलाई पुरस्कार र सिकाइ उपलब्धीमा ह्रास देखिए सम्बन्धित शिक्षकलाई दण्डको व्यवस्था गर्नुपर्दछ ।

नियमित रुपमा शिक्षकको कक्षा अवलोकन गरी प्रधानाध्यापक, स्रोतव्यक्ति तथा विद्यालय निरीक्षकहरुबाट समेत शिक्षकका आवश्यकताहरुको पहिचान गरी उसलाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुपर्ने ।

**४.५ अध्ययनका प्राप्तिहरु**

शिक्षकको पेशागत विकास कार्यक्रमको प्रभावकारिताका सम्बन्धमा प्राप्त तथ्याङ्कको आधार यस अध्ययनको मुख्य प्राप्तिहरु निम्न अनुसार प्रस्तुत गरिन्छ ।

शिक्षकको पेशागत विकास कार्यक्रम शिक्षकहरुलाई पेशागत रुपमा दक्ष बनाउने शिक्षक सहयोगी कार्यक्रम हो । आंशिक मात्रामा भए पनि शिक्षकहरुबाट कक्षाकोठा शिक्षणका समस्याहरुको समाधानार्थ तालिमका विषयवस्तुहरुको माग हुने गरेको छ । शिक्षकबाट माग भएका विषयवस्तुहरु समेटेर तालिम सामग्री निर्माण भई यसैमा आधारित भएर कार्यक्रम सञ्चालन गरिएको छ । तलबाट माथितिरको सिद्धान्तमा आधारित भई तालिम कार्यक्रम सञ्चालन भइरहेको छ । आंशिक रुपमा भएपनि शिक्षकहरुलाई आफ्ना कक्षाकोठा शिक्षणमा देखापरेका समस्याहरुको बारेमा चिन्तन गर्ने बानीको विकास गरेको छ । आफ्नो पेशागत जीवनमा आइपरेका समस्याहरुको खोजी गर्ने कार्यको थालनी भएको छ  । कार्यक्रमले सैद्धान्तिक रुपमा गरेका अपेक्षा अनुरुप शिक्षकहरुले आफ्ना पेशागत आवश्यकताहरुको समाधानार्थ यस कार्यक्रमलाई पूर्णरुपमा उपयोग गरेको पाइएन । शिक्षकहरुले यस कार्यक्रमलाई आफ्नो पेशागत समस्याको समाधान गर्ने सहयोगी कार्यक्रमको रुपमा ग्रहण गरेको पाइएन । शिक्षकहरुबाट नियमित रुपमा कक्षाकोठा शिक्षणमा देखापरेका समस्याहरुको टिपोट गर्ने गरेको

पाइएन । र उनीहरुले पेश गरेका आवश्यकता पनि कक्षाकोठा शिक्षणमा आइपरेका समस्याहरुसँग वास्तविक रुपमा सम्बन्धित भएको पाइएन ।

सबै शिक्षकहरुबाट आवश्यकताको प्रस्ताव नै प्रस्तुत नभएको पाइयो । शिक्षकका आवश्यकताहरु वास्तविकतामा आधारित भए नभएको विषयमा प्रमाणिकरणका कार्यहरु भएको पाइएन । जसले गर्दा तालिम कार्यक्रमले वास्तविक समस्या समाधान गर्ने दिशामा उल्लेखनीय सहयोग पुगेको देखिएन । तालिम कार्यशालाका निर्माण भएका तालिम सामग्रीहरुमा शिक्षकका समस्याका शीर्षकहरुमा कम मात्रामा सत्र विभाजन गरेको देखियो । आवश्यकता नै प्रस्तुत नगर्ने शिक्षकलाई पनि तालिम कार्यक्रममा समावेश गराइएको पाइयो जसले गर्दा उसले अन्य शिक्षकबाट पेश भएका तथा प्रशिक्षकले महसुस गरेका विषयवस्तुमा आधारित तालिम लिएको देखियो ।तालिम कार्यक्रममा प्राप्त गरेका ज्ञान तथा सीपको कक्षाकोठामा प्रयोगको अवस्था अत्यन्त नाजुक रहेको पाइयो । शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वय निर्देशिका (२०६६)ले तोकेका सबै प्रक्रियाहरु पुरा नगरी कार्यक्रम कार्यान्वयन भएको देखियो । आफ्ना आवश्यकता परिपुर्तिका लागि नभई जिल्ला शिक्षा कार्यालयको कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउनका लागि मात्र शिक्षकहरु यस कार्यक्रममा भाग लिएको जस्तो देखियो । शिक्षकले आफ्नो पेशामा आवधिक रुपमा सुधार ल्याउने प्रतिबद्धताका साथ तयार गरेको शिक्षण सुधार योजनाको प्रगति मूल्यांकन नै नहुने गरेको पाइयो । शिक्षकहरुले तालिम कार्यक्रम पुरा गरेपछि पनि उनीहरुले शिक्षण गरेको विषयमा उपलब्धीको स्तरमा सुधार भएको पाइएन ।

वैज्ञानिक व्यवस्थापनको सिद्धान्त (१९११) अनुसार कामदारको कार्यदक्षता उच्च राख्न कामदारलाई काम छान्ने अधिकार, कामदारलाई तालिमको व्यवस्थाका साथै कामदार र मालिक विचमा आत्मीय सम्बन्धको स्थापना, कामदारहरु वीच दोषारोपण र थकावटलाई कम गर्नु पर्ने उल्लेख छ । शिक्षकको पेशागत विकास कार्यकम कार्यान्वयनको सन्दर्भमा प्रधानाध्यापक र शिक्षक, शिक्षक र निरिक्षक, शिक्षक शिक्षक वीच आत्मीय सम्बन्ध स्थापना हुन नसकेर आफ्ना पेशागत समस्याहरु स्वतस्फूर्तरुपमा प्रस्तुत नगरेको, शिक्षकको शिक्षण प्रभावकारी भए नभएको सम्बन्धमा अनुगमन कम हुने गरेकोले कार्यकमको प्रभावकारीता कमजोर रहेको पाइयो ।

## परिच्छेद पाँच : निष्कर्ष र सुझावहरु

प्रस्तुत अध्ययन प्राथमिक र द्वितीय दुबै प्रकारका तथ्याङ्कहरुमा आधारित भएर गरिएको हुँदा दुवै किसिमबाट प्राप्त तथ्याङ्कको आधारमा परिच्छेद -४ मा व्याख्या तथा विश्लेषण गरी सोही आधारमा शिक्षकको पेशागत विकास कार्यक्रमको कार्यान्वयन अवस्था कस्तो रहेको छ र यस कार्यक्रमलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने निष्कर्ष निकालिएको छ । सुबिधाजनक नमुना छनौटको माध्यमबाट नमूना छनौट गरी प्राप्त तथ्याङ्क, राय, सुझाव तथा प्रतिक्रियाहरुको व्याख्या तथा विश्लेषणबाट यस अध्ययनका निष्कर्ष तथा सुझाव निम्न अनुसार प्रस्तुत गरिएको छ ।

### ५.१. अध्ययनको निष्कर्ष

शिक्षकको पेशागत विकास कार्यक्रमको प्रभावकारिता कस्तो रहेको छ भन्ने सन्दर्भमा गरिएको प्रस्तुत अध्ययनको क्रममा जिल्लामा सञ्चाललित २४० वटा सामुदायिक विद्यालयहरु मध्ये २ वटा सामुदायिक माध्यमिक विद्यालयहरु तथा ती विद्यालयहरुबाट आ.व. २०७०।७१ को शिक्षकको पेशागत विकास कार्यक्रममा सहभागी भएका शिक्षकहरुमध्ये प्रति विद्यालय २ जनाका दरले ५ जना शिक्षकलाई नमूनाको रुपमा छनौट गरी ती विद्यालयहरु तथा शिक्षकहरुबाट पेश भएका पेशागत आवश्यकता प्रस्तावहरु, अगुवा स्रोतकेन्द्र म्याङलुङद्धारा तयार गरिएका उक्त आ.व.का तालिम सामग्रीहरु, परामर्शदाताका प्रतिवेदनहरुको अध्ययन तथा विश्लेषण गर्नुका साथै तिनै विद्यालयका प्रधानाध्यापक, सम्बन्धित सहभागी शिक्षक, तालिम समन्वय समितिका पदाधिकारीहरुबाट कार्यान्वयनको सम्बन्धमा जानकारी लिनका लागि संक्षिप्त उत्तर आउने विषयगत प्रश्नावलीको प्रयोग तथ्यांक संकलन तथा बिश्लेषण गरी यो प्रतिवेदन तयार गरिएको छ ।

शिक्षक तालिमका लागि सरकारबाट विभिन्न प्रयासहरु भइरहेका छन् । यसको पछिल्लो प्रयासका रुपमा रुपमा शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयनमा रहेको छ । यस कार्यक्रमको कार्यान्वयनबाट शिक्षकहरुले आफ्नो शैक्षणिक कार्यका दौरान महसुस गरेका शैक्षणिक समस्याहरुको समाधानार्थ सम्बन्धित शिक्षक नै उत्सुक भई समस्याको प्रस्तुतीकरण गर्ने र उनीहरुबाट पेश भएका समस्यामा आधारित भएर तयार गरिएको तालिम सामग्रीका

माध्यमबाट तालिम कार्यक्रम सञ्चालन गरी शिक्षकलाई पेशागत रुपमा दक्ष एवम् सबल बनाउने तर्फ उल्लेखनीय सफलता प्राप्त भएको पाइएन । सम्बन्धित शिक्षकले यो कार्यक्रमलाई पेशागत समस्या समाधानको सहयोगी कार्यक्रमका रुपमा ग्रहण गर्न नसकेको कारण सोचे जस्तो उपलब्धि हुन सकेको पाइएन । यस अध्ययनको प्रमुख केन्द्रविन्दु भनेको शिक्षकको पेशागत विकास कार्यक्रमको कार्यान्वयन प्रभावकारिताको विश्लेषण गर्नु रहेको थियो । यसकय लागि विभिन्न स्रोतहरुबाट विभिन्न साधनहरुको प्रयोग गरी तथ्यांक संकलन गरिएको र प्राप्त तथ्याङ्कको व्याख्या तथा विश्लेषण गर्दा यस कार्यक्रमले शिक्षकको पेशागत दक्षता अभिवृद्धिमा प्रभावकारी रुपमा भूमीका निर्वाह गर्न नसकेको पाइयो ।

### ५.२. अध्ययनका सुझावहरु

यस अध्ययनका लागि विभिन्न माध्यमहरुबाट लिइएका तथ्याङ्क, जानकारी, राय, सुझाव, छलफल, भेटघाटका तथ्यगत प्रमाण समेतका आधारमा शिक्षकको विकास कार्यक्रमको कार्यान्वयनमा प्रभावकारिता अभिबृद्धि गर्न शिक्षकलाई यस  कार्यक्रमले पुऱ्याउने सहयोगका बारेमा आश्वस्त पार्नु जरुरी देखिन्छ । शिक्षकले आफ्ना समस्या नै प्रस्तुत नगर्ने प्रवृत्तिको अन्त्य नभएसम्म यो कार्यक्रमको उद्देश्य पुरा हुन सक्दैन । यसका अतिरिक्त कार्यक्रमलाई प्रभावकारी बनाउन निम्नानुसारका उपायहरुको अबलम्बन गर्नु आवश्यक देखिन्छ :

### ५.२.१ नीतिगत तह

शिक्षकको पेशागत विकास कार्यक्रमलाई प्रभावकारी बनाउन यसलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गनुपर्दछ । कार्यक्रममा सहभागी हुँदैमा तालिम प्राप्त मानिने र सबै सहभागीलाई एउटै स्तरको प्रमाणपत्र प्रदान गरिने हालको व्यवस्थालाई परिवर्तन गरी मूल्यांकनका आधारमा अंक प्रदान गरी स्तर सहितको प्रमाणपत्र प्रदान गर्ने व्यवस्था हुनु आवश्यक छ । शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयन निर्देशिका (२०६६) ले निर्धारण गरेका प्रक्रिया तथा तोकिएको जिम्मेवारी पुरा नगर्ने प्रधानाध्यापक तथा शिक्षकको कार्यसम्पादन मूल्यांकन बापतको अंक कट्टा गर्ने नीतिगत व्यवस्था हुनुपर्दछ । शिक्षकले सम्पन्न गरेका परियोजना कार्यहरुको मूल्यांकन गरी सोको आधारमा अंक प्रदान गर्ने व्यवस्था हुनुपर्दछ । शिक्षकले तयार गरेको शिक्षण सुधार योजनाको प्रगति समीक्षा गर्ने जिम्मेवारी प्रधानाध्यापकलाई

प्रदान गरी प्रगति समीक्षाको प्रतिवेदन अनिवार्य रुपमा तालिम स्थलमा पेश गर्ने व्यवस्थालाई अनिवार्य गरिनुपर्दछ ।

कार्यक्रम अनुगमनको पक्षलाई प्रभावकारी बनाउन नीतिगत प्रावधानकै रुपमा लक्ष्य सहितको अनुगमनको साधन निर्धारण गरी नतिजामूलक अनुगमन प्रणालीको विकास गरिनुपर्दछ । वर्षमा कम्ती एकपटक कार्यक्रमको प्रभावकारिताका विषयमा समीक्षा गरी आवश्यक सुधार गर्ने व्यवस्था हुनुपर्दछ । शिक्षकले माग गरेका विषयवस्तुका लागि समय कम भएको सन्दर्भमा तालिम कार्यशाला सञ्चालनका लागि छुट्याएको समय वृद्धि गर्नु आवश्यक देखिन्छ ।

### ५.२.२ कार्यान्वयन तह

जिल्लालाई उपलब्ध गराइने वार्षिक कार्यक्रम र बजेट समय मै उपलब्ध गराइनुपर्दछ । तालिम स्थलले प्रत्येक आ.व. शुरु भएको १५ दिनभित्र कार्यक्रम कार्यान्वयन योजना तयार गरी कार्यान्वयन शुरु गर्नुपर्ने व्यवस्था हुनु आवश्यक देखिन्छ ।

यसका साथै शिक्षकहरुलाई यो कार्यक्रमले पेशागत रुपमा सहयोग गर्ने विषयमा विश्वस्त गराउन सघन अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । प्रत्येक शिक्षकलाई दैनिक रुपमा कक्षाकोठामा देखिएका समस्याहरु टिपोट गरी मासिक रुपमा प्रधानाध्यापक समक्ष पेश गर्न अनिवार्य रुपमा लगाउनुपर्दछ ।

मासिक रुपमा प्राप्त समस्याहरुको वार्षिक समष्टीगत सारांश तयार गरी विद्यालयगत आवश्यकता प्रस्ताव तयार गर्ने र शिक्षकहरुको आवश्यकताको प्रस्ताव अनिवार्य रुपमा प्रमाणीकरण गर्ने व्यवस्था हुनु आवश्यक छ ।

तालिम कार्यशालाको सामग्री निर्माण गर्दा बढी माग भएको विषयका लागि बढी समय प्रदान गर्नुपर्ने तथा परामर्श चरणलाई शिक्षकको पेश भएको आवश्यकतासँग सम्बन्धित गराइनुपर्ने देखियो । साथै दश दिनको एक खण्ड पुरा गरेपछि अनिवार्य रुपमा सहभागीको स्तर खुलेको प्रमाणपत्र प्रदान जारी हुनुपर्दछ ।

### ५.२.३ भविष्यमा गरिने अनुसन्धान तह

शिक्षकको पेशागत विकास कार्यक्रमको कार्यान्वयन प्रभावकारिताका विषयमा गरिएको यस अध्ययनको क्रममा कार्यक्रमसँग सम्बन्धित सम्पूर्ण पक्षहरुको बिश्लेषण नसमेटिएको हुन

सक्दछ । कार्यक्रमको प्रभावकारिताका विषयमा भविष्यमा गरिने अन्य अनुसन्धानका लागि निम्नानुसारका विषयहरु अनुसन्धानका विषय बन्न सक्नेछन् :

१. पाँच दिनको तालिम कार्यशालाको प्रभावकारिता ।

२. स्वाध्ययन अभ्यास चरणमा भएका परियोजना कार्यहरुको कक्षाकोठासँगको सान्दर्भिकता ।

३. शिक्षण सुधार योजना कार्यान्वयनको अवस्था ।

४. शैक्षणिक परामर्श चरणको कक्षा अवलोकनको प्रभावकारिता ।

५. शिक्षकको पेशागत विकास कार्यक्रमले विद्यार्थी नतिजामा ल्याएको परिवर्तन ।

## सन्दर्भ सामग्रीहरु


अग्रवाल, गोविन्दराम (२०६४), *व्यवस्थापनका सिद्धान्तहरु,* एम.के. पब्लिशर्स एन्ड डिष्ट्रिब्युटर्स, काठमाडौं ।

गुरागाईं, देवकुमारी (२०७०), शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयन स्थिति र सुधारका क्षेत्र, *शैक्षिक स्मारिका,* शिक्षा विभाग, सानोठिमी भक्तपुर ।

घिमिरे, सूर्यप्रसाद (२०६५), शिक्षकको योग्यता र सिकाइ उपलब्धी, शैक्षिक सूचना संगालो, शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।

जोशी, पदमराज (२०७०), शिक्षकको पेशागत विकास : चुनौती र समाधान, *शैक्षिक सूचना संगालो,* शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।

ढुंगेल, रामप्रसाद (२०६६), विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन प्रक्रियामा जनसहभागिता, *स्नातकोत्तर तह एम.एड. (अप्रकाशित शोधकृति),* शैक्षिक योजना तथा व्यवस्थापन विभाग, महेन्द्ररत्न क्याम्पस, काठमाडौं ।

पोखेल, ईश्वरीप्रसाद(२०७०), शिक्षकको वैयक्तिक अनुभूति, *शैक्षिक सूचना संगालो,* शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।

शैक्षिक जनशक्ति विकास केन्द्र, (२०६६), *शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका,* सानोठिमी, भक्तपुर ।

श्रेष्ठ, चन्द्रबहादुर र कोइराला (२०६४), विद्यानाथ, *शैक्षिक व्यवस्थापन,* पैरवी प्रकाशन, काठमाडौं ।

शर्मा, दिपक (२०७०), नेपालमा भएका शिक्षक तालिमको अभ्यास बिश्लेषण, *शैक्षिक सूचना संगालो,* शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।

शिक्षकको पेशागत विकास कार्यक्रमको प्रभावकारिता

अनुसूची १

तालिम कार्यशालाको विषयवस्तु तथा सत्र विभाजन

अगुवा स्रोतकेन्द्रको नाम : म्याङलुङ

मोड्युल शीर्षक : शिक्षणविधि तथा शैक्षिक सामग्री निर्माण र प्रयोग

विषय : नेपाली

| **समय दिन** | **१०:३०-१२:०० पहिलो सत्र: १.५** | | **१२:१२ - १:४५ दोस्रो सत्र:** | | **२:३० - ४:०० तेस्रो सत्र:** |
|---|---|---|---|---|---|
| १ | उद्घाटन<br>सहभागी नाम दर्ता<br>मोड्युल परिचय | **ब्रेक १५ मि.** | मोड्युलमा उल्लेखित विस्तृत क्रियाकलाप विषयवस्तु र TPD को आवश्यकता र महत्व | **खाजा ब्रेक ४५ मि.** | TPD को आवश्यकता र महत्व र प्रयोग |
| २ | नेपाली भाषा शिक्षणमा शिक्षणविधिको परिचय | | विभिन्न शिक्षणविधिहरूको खोजी र छनौट प्रक्रिया | | विभिन्न विधिहरू प्रयोग गर्ने तरिका |
| ३ | शिक्षण सामग्री संकलन निर्माण र प्रयोग | | शिक्षण सामग्री संकलन, निर्माण र प्रयोग | | शिक्षण सामग्री प्रयोग र भण्डारण |
| ४ | तत्सम र तत्भव शब्दहरु | | व्याकरण शिक्षण | | TIP निर्माण र प्रयोग |
| ५ | परियोजना कार्य विषय र लेखन प्रक्रिया | | मामला अध्ययन विषय र लेखन प्रक्रिया | | स्वध्यायन, शैक्षणिक परामर्श जानकारी एवं समापन |

शिक्षकको पेशागत विकास कार्यक्रमको प्रभावकारिता

गणित विषयको TPD मोड्युल (५ दिने) कार्यतालिका

अगुवा स्रोतकेन्द्रको नाम : म्याङलुङ

मोड्युल शीर्षक : गणित शिक्षणविधि तथा सामग्री निर्माण

| **समय दिन** | **१०:३०-१२:०० पहिलो सत्रः १.५** | | **१२:१२ - १:४५ दोस्रो सत्रः** | | **२:३० - ४:०० तेस्रो सत्रः** |
|---|---|---|---|---|---|
| १ | उद्घाटन<br>सहभागी नाम दर्ता<br>मोड्युल परिचय | | मोड्युलमा उल्लेखित विस्तृत क्रियाकलाप विषयवस्तु र TPD को आवश्यकता र महत्व | | TPD को आवश्यकता र महत्व र प्रयोग |
| २ | पाइथागोरस साध्य शिक्षण | **ब्रेक १५ मि.** | ज्यामितीय नमुनाहरुको निर्माण | **खाजा ब्रेक ४५ मि.** | विभिन्न विधिहरू प्रयोग गर्ने तरिका |
| ३ | शिक्षण सामग्री संकलन निर्माण र प्रयोग | | शिक्षण सामग्री संकलन, निर्माण र प्रयोग | | शिक्षण सामग्री प्रयोग र भण्डारण |
| ४ | गणित शिक्षण र मूल्यांकन | | गणित शिक्षण र मूल्यांकन | | TIP निर्माण र प्रयोग |
| ५ | परियोजना कार्य विषय र लेखन प्रक्रिया | | मामला अध्ययन विषय र लेखन प्रक्रिया | | स्वध्यायन, शैक्षणिक परामर्श जानकारी एवं समापन |

शिक्षकको पेशागत विकास कार्यक्रमको प्रभावकारिता

विज्ञान विषयको TPD मोड्युल (५ दिने) कार्यतालिका

अगुवा स्रोतकेन्द्रको नाम : म्याङलुङ मोड्युल शीर्षक : गणित शिक्षणविधि तथा सामग्री निर्माण

| **समय दिन** | **१०:३०-१२:०० पहिलो सत्रः १.५** | | **१२:१२ - १:४५ दोस्रो सत्रः** | | **२:३० - ४:०० तेस्रो सत्रः** |
|---|---|---|---|---|---|
| १ | उद्घाटन<br>सहभागी नाम दर्ता<br>मोड्युल परिचय | | मोड्युलमा उल्लेखित विस्तृत क्रियाकलाप विषयवस्तु र TPD को आवश्यकता र महत्व | | TPD को आवश्यकता र महत्व र प्रयोग |
| २ | धारा विद्युत शिक्षण | | कोष विभाजन | | मेन्डलको नियम शिक्षण |
| ३ | मेन्डलको नियम शिक्षण | **ब्रेक १५ मि.** | शिक्षण सामग्री संकलन, निर्माण र प्रयोग | **खाजा ब्रेक ४५ मि.** | शिक्षण सामग्री प्रयोग र भण्डारण |
| ४ | चन्द्रमाको कला शिक्षण | | चन्द्रमाको कला शिक्षण | | TIP निर्माण र प्रयोग |
| ५ | परियोजना कार्य विषय र लेखन प्रक्रिया | | मामला अध्ययन विषय र लेखन प्रक्रिया | | स्वध्यायन, शैक्षणिक परामर्श जानकारी एवं समापन |

शिक्षकको पेशागत विकास कार्यक्रमको प्रभावकारिता

सामाजिक विषयको TPD मोड्युल (५ दिने) कार्यतालिका

अगुवा स्रोतकेन्द्रको नाम : म्याङलुङ                    मोड्युल शीर्षक : शिक्षणविधि तथा मूल्यांकन

| **समय दिन** | **१०:३०-१२:०० पहिलो सत्रः १.५** | | **१२:१२ - १:४५ दोस्रो सत्रः** | | **२:३० - ४:०० तेस्रो सत्रः** |
|---|---|---|---|---|---|
| १ | उद्घाटन<br>सहभागी नाम दर्ता<br>मोड्युल परिचय | **ब्रेक १५ मि.** | मोड्युलमा उल्लेखित विस्तृत क्रियाकलाप विषयवस्तु र TPD को आवश्यकता र महत्व | **खाजा ब्रेक ४५ मि.** | TPD को आवश्यकता र महत्व र प्रयोग |
| २ | सामाजिक शिक्षणमा शिक्षणविधिको परिचय | | विभिन्न शिक्षणविधिहरूको खोजी र छनौट प्रक्रिया | | विभिन्न विधिहरू प्रयोग गर्ने तरिका |
| ३ | मूल्यांकन परिचय | | मूल्यांकनका साधनहरु | | विशिष्टीकरण तालिकाको प्रयोग |
| ४ | सामाजिक शिक्षणमा क्षेत्र भ्रमण विधि | | सामाजिक शिक्षणमा क्षेत्र भ्रमण विधि प्रयोग | | TIP निर्माण र प्रयोग |
| ५ | परियोजना कार्य विषय र लेखन प्रक्रिया | | मामला अध्ययन विषय र लेखन प्रक्रिया | | स्वध्यायन, शैक्षणिक परामर्श जानकारी एवं समापन |

| Day | First Session 10:30 to 12:00 | 12 :00 to 12:20 | Second Session 12:20 to 1:50 | 1:50 to 2:30 | Third Session 2:30 to 4:00 | |
|---|---|---|---|---|---|---|
| Day One | Opening | | Teaching Listening ( introduction) | | Principles Of Teaching Listening and Pre-listening | |
| Day Two | While - listening | | Post- listening | | Demonstration ( practical Class) | |
| Day Three | Preparing Evaluation tools for testing listening | **BREAK** | Introduction of speaking | **BREAK** | Complex substitution drill | **SESSION CLOSING** |
| Day Four | Chain Drill | | Repetition Drill | | Construction of substitution tables | |
| Day Five | Self study exercise | | Counseling | | Concluding | |

अनुसूची २

**अगूवा स्रोतकेन्द्र, म्याङलूङ**

**शैक्षणिक परामर्शको प्रतिवेदन**

**सहभागी शिक्षकको नाम :**

**तह :** माध्यमिक **विषय :**

**कार्यरत विद्यालय :**

**परामर्श सञ्चालन भएको अवधि :**

**१. सहभागीले स्वाध्ययन अभ्यासका क्रममा गरेको परियोजना कार्यको विवरण :**

अ. शिक्षण सुधार योजना तयार भए नभएको

आ. सम्पन्न भएका परियोजना कार्यहरु :

क.

ख.

ग.

**२. सहभागी शिक्षकको कक्षा अवलोकन सम्बन्धी विवरण**

क. कक्षा :

ख. विषय :

ग. पाठ शीर्षक :

**३. सहभागी शिक्षक तथा वि.व्य.स. एवम प्र.अ. सम्मिलित बैठक सम्बन्धी विवरण**

क. बैठकका एजेन्डाहरु (शिक्षकको पेशागत समस्या सम्बन्धी)

१.

२.

ख बैठकमा उठेका प्रस्तावहरुका सन्दर्भमा निस्किएका निष्कर्षहरु

१.

२.

**४. अन्य कुनै उल्लेखनीय विषय भएमा तल उल्लेख गर्ने :**

१.

२.

३.

सहभागी शिक्षकको हस्ताक्षर     विद्यालयको छाप     परामर्शदाताको हस्ताक्षर

शिक्षकको पेशागत विकास कार्यक्रमको प्रभावकारिता

अनुसूची ३

प्रधानाध्यापकका लागि प्रश्नावली

१. शिक्षकहरुबाट पेश भएका आवश्यकताहरु कक्षाकोठा शिक्षणसँग कति सम्बन्धित भएको पाउनुभएको छ ?

२. शिक्षकहरुबाट आवश्यकता पेश भएपछि ती आवश्यकता वास्तविक भए नभएको कसरी परीक्षण गर्ने गर्नुभएको छ ?

३. शिक्षकहरुबाट आवश्यकताको प्रस्ताव पेश गर्दा स्वत : स्फूर्त रुपमा पेश भएका छन् वा पेश गर्न लगाइएका छन् ?

४. सबै शिक्षकहरुबाट आवश्यकता प्रस्ताव पेश हुने गरेको छ ?

५. शिक्षकहरुले तालिम कार्यशाला सम्पन्न गरेर फर्किएपछि तालिम सीपको प्रयोग कक्षाकोठामा प्रयोग भएको पाउनुभएको छ ?

६. शिक्षकको पेशागत विकास कार्यक्रममा सहभागी शिक्षकहरुले शिक्षण सुधार योजना तयार गर्नुभएको छ ?

७. शिक्षण सुधार योजनाको समीक्षा हुने गरेको छ ?

८. परामर्श चरणमा भएको छलफल अन्तर्क्रिया शिक्षकको पेशागत आवश्यकतासँग कति सम्बन्धित भएको पाउनु भएको छ ?

९. यो तालिम कार्यक्रममा सहभागी भएपछि सम्बन्धित शिक्षकले शिक्षण गर्ने विषयको सिकाइ उपलब्धीमा सुधार भएको छ ?

१०. समग्र कार्यक्रमको प्रभावकारिताका विषयमा तपाईंको प्रतिक्रिया के छ ?

शिक्षकको पेशागत विकास कार्यक्रमको प्रभावकारिता

## अनुसूची ४

## सहभागी शिक्षकका लागि प्रश्नावली

१. तपाईंले प्रधानाध्यापक समक्ष कस्ता समस्याहरु आवश्यकताका रुपमा राख्ने गर्नुभएको छ ?

२. उक्त कार्यक्रमबाट यहाँको कक्षाकोठा शिक्षणसँग सम्बन्धित समस्याहरु समाधानमा कति सहयोग पुगेको छ ?

३. तालिम कार्यशालाका लागि तयार पारिएको तालिम पुस्तिकामा यहाँले माग गरेका विषयवस्तुहरु समावेश भएका थिए ?

४. कार्यशालापछि स्वाध्ययन अभ्यासका लागि के के कार्य गर्ने जिम्मेवारी पाउनुभएको थियो ?

५. उक्त कार्यहरु सम्पन्न गर्नुभयो ?

६. शैक्षणिक परामर्शमा उक्त परियोजना कार्यको मूल्यांकन गरियो कि गरिएन ?

७. शैक्षणिक परामर्श अन्तर्गत सञ्चालित बैठकमा तपाईंले पेश गर्नुभएका विषय माथि छलफल भयो ?

८. छलफल र निर्णयबाट तपाईंलाई कक्षाकोठा शिक्षणमा सहयोग पुगेको अनुभव भयो ?

९. पहिलो १० दिनको कार्यक्रम सम्पन्न भएपछि प्रमाणपत्र पाउनुभयो ?

१०. शिक्षकको पेशागत विकास कार्यक्रमले तपाईंलाई शिक्षण सिकाइमा सहयोग पुगेको महसुस गर्नुभएको छ ?

शिक्षकको पेशागत विकास कार्यक्रमको प्रभावकारिता

अनुसूची ५

तालिम समन्वय समिति तेह्रथुमका पदाधिकारीहरुका लागि प्रश्नावली

१. तालिम समन्वय समितिको बैठक वर्षमा कति पटक बस्ने गरेको छ ?

२. बैठकमा के के विषयमा छलफल हुने गरेको छ ?

३. सबै विद्यालयहरुबाट सबै शिक्षकको आवश्यकताको प्रस्ताव समय मै प्राप्त हुने गरेको छ ?

४. आवश्यकताको प्रस्ताव पेश नगर्ने शिक्षकहरुलाई तालिम कार्यक्रममा सहभागी गराउनुभएको छ कि छैन ?

५. प्राप्त भएका आवश्यकताका प्रस्तावहरुको वास्तविकता कसरी परीक्षण गर्ने गर्नुभएको छ ?

६. कार्यक्रम सञ्चालनार्थ प्राप्त हुने वार्षिक कार्यक्रम तथा बजेट र अख्तियारी समय मै प्राप्त हुने गरेको छ कि छैन ?

७. यो कार्यक्रमले शिक्षण सिकाइमा सुधार ल्याएको महसुस गर्नुभएको छ ?

८. यो कार्यक्रम सञ्चालनमा देखिएका मुख्य समस्याहरु के देख्नुभएको छ ?

९. शिक्षकको पेशागत विकास कार्यक्रमलाई प्रभावकारी बनाउने उपायहरु के हुन सक्लान् ?

## अनुसूची ६

## अन्तर्वार्ता निर्देशिका

(विद्यार्थीहरुका लागि)

१. तिम्रो नाम के हो ?

२...................... विषय कुन सरले पढाउनुहुन्छ ?

३. अघिल्लो कक्षामा पनि सरले पढाउनुहुन्थ्यो ?

४. अघिल्लो कक्षामा र अहिलेको कक्षामा सरको पढाइमा केही फरकपन पायौ ?

५. सरले अघिल्लो दिनको पाठसँग सम्बन्धित केही कुरा गर्नुहुन्छ कि सोझै पाठ पढाउन शुरु गर्नुहुन्छ?

६. कक्षामा आउँदा चक डस्टर बाहेक अन्य के के सामग्री ल्याउनुहुन्छ ?

७. शिक्षण गर्दा अगाडी उभिएर प्रवचन दिनुहुन्छ कि तिमीहरुलाई काम गर्न दिनुहुन्छ ?

८. समूह विभाजन गर्नुहुन्छ कि गर्नुहुन्न ?

९. आफ्नो कुरा सकेर बाहिर जानुहुन्छ कि तिमीहरुलाई केही प्रश्न सोध्ने, हल गर्न लगाउने गर्नुहुन्छ ?

शिक्षकको पेशागत विकास कार्यक्रमको प्रभावकारिता

अनुसूची ७

कक्षाकोठा क्रियाकलापको अवस्था अवलोकन फाराम

| **विद्यालय** | **सिंहवाहिनी उ.मा.वि.म्याङलुङ** | | | | **सरस्वती मा.वि. तम्फूला** | | | |
|---|---|---|---|---|---|---|---|---|
| **स्तर →**<br>**सूचक ↓** | **अत्युत्तम** | **उत्तम** | **सामान्य** | **कमजोर** | **अत्युत्तम** | **उत्तम** | **सामान्य** | **कमजोर** |
| विषयवस्तुको ज्ञान | | | | | | | | |
| विद्यार्थी उत्प्रेरणा | | | | | | | | |
| शैक्षिक सामग्रीको प्रयोग र सान्दर्भिकता | | | | | | | | |
| विद्यार्थी केन्द्रीत क्रियाकलाप सञ्चालनको अवस्था | | | | | | | | |
| समूह कार्यको व्यवस्थापन | | | | | | | | |
| विद्यार्थी मूल्यांकन | | | | | | | | |
| पृष्ठपोषण | | | | | | | | |

शिक्षकको पेशागत विकास कार्यक्रमको प्रभावकारिता

## अनुसूची ८

## माध्यमिक तहको विषयगत सिकाइ उपलब्धी संकलन फाराम

| विद्यालय / शैक्षिक सत्र | माध्यमिक तहको विषयगत औषत सिकाइ उपलब्धी | | | | | |
|---|---|---|---|---|---|---|
| | नेपाली | अंग्रेजी | गणित | सामाजिक | विज्ञान | जम्मा |
| सरस्वती मा.वि. तम्फूला | | | | | | |
| शैक्षिक सत्र २०६९ | | | | | | |
| शैक्षिक सत्र २०७० | | | | | | |
| सिंहवाहिनी उ.मा.वि. म्याङलुङ | | | | | | |
| शैक्षिक सत्र २०६९ | | | | | | |
| शैक्षिक सत्र २०७० | | | | | | |